मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

वर्ष ४ • अंक २२ • २०८२ साल मंसिर १७ गते बुधवार • Wednesday 03, December 2025 • सूर्योदय: बिहान ०६:३६ बजे • सूर्यास्त: साँझ ५:११ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## नक्कली नेपाली रुपैयाँसहित तीन पक्राउ

**मधेशदृष्टि**
**रौतहट ।**
सशस्त्र प्रहरीको बोर्डर आउट पोष्ट औरियाको टोलीले नक्कली नेपाली रुपैयाँसहित तीन जनालाई पक्राउ गरेको छ । मंगलबार दिउँसो भारतबाट नेपाल आउँदै गरेको बिआर ०५एटी ०९८३ नम्बरको मोटरसाइकल चेकजाँच गर्दा उनीहरुका साथबाट नक्कली नेपाली नोट भेटिएको हो ।
पक्राउ पर्नेमा भारत, बिहार राज्यको पूर्वी चम्पारण चैनपुर ग्राम पञ्चायत निवासी २३ वर्षीय जय प्रकाश कुमार, रौतहट, देवाही गोनाही नगरपालिका–४ का २१ वर्षीय गोनालाल राउत र २० वर्षीय अजय पटेल छन् ।
उनीहरुका साथबाट नेपाली १ हजार रुपैयाँ दरका १ सय १८ थान नक्कली नोट बरामद भएको छ ।

# मुख्यमन्त्रीले बुधबार विश्वासको मत लिने



मधेशदृष्टि
जनकपुरधाम ।
मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले बुधबार विश्वासको मत लिने भएका छन् । मंगलबार पत्रकार सम्मेलन गर्दै उनले बुधबार दिउँसो २ बजे विश्वासको मत लिन लागेको बताए ।
मुख्यमन्त्री यादवले सर्वोच्च अदालतले २४ घण्टाभित्र विश्वास मत लिन भनिए पनि आफूले परमादेशको पत्र मङ्गलबार दिउँसो ३ बजे मात्र प्राप्त गरेको हुँदा सोही आधारमा विश्वासको मत लिन प्रदेशसभा सचिवालयमा पत्रसमेत पठाइसकिएको जानकारी दिए ।
'अदालतको फैसलाअनुसार प्रक्रिया हुन्छ र विश्वासको मत मैले नै पाउँछु, एमालेले मधेशमा ज–जसलाई मुख्यमन्त्री बनाएको छ । ती सबै दलले मलाइ सघाउँछन्,' उनको दाबी थियो ।
सोमबार सर्वोच्च अदालतले २४ घण्टाभित्र विश्वासको मत लिन मुख्यमन्त्री यादवको नाममा परमादेश जारी गरेको थियो । यादव प्रदेशसभाको सबैभन्दा ठूलो दल नेकपा (एमाले) संसदीय दलको नेताका हैसियतमा मुख्यमन्त्री नियुक्त भएका थिए । अन्य दलले बहुमतका आधारमा सरकार बनाउन आग्रह गरे पनि तत्कालीन प्रमुख सुमित्रा भण्डारीले यादवलाई मुख्यमन्त्री नियुक्त गरेकी थिइन् । त्यसमा विवाद उत्पन्न भएपछि प्रदेश प्रमुख भण्डारीलाई सङ्घीय सरकारको सिफारिसमा राष्ट्रपतिले पदमुक्त गरेका थिए ।
मुख्यमन्त्री यादवको नियुक्तिविरुद्ध प्रदेशसभाका ७४ जना सदस्यले सर्वोच्च अदालतमा रिट दायर गरेका थिए । रिटमा सर्वोच्च अदालतले यसअघि पनि दीर्घकालीन असर पर्ने निर्णय नगर्न अन्तरिम आदेश दिएको थियो ।

- **प्रदेश सभा बैठक आहवान**

मधेश प्रदेश सभाको बैठक बुधबार बिहान ८:३० बजेका लागि आह्वान गरिएको छ । मुख्यमन्त्री सरोज कुमार यादवले विश्वासको मत लिन २ बजे वातावरण बनाउन प्रदेश सभामा पत्र पठाए पनि सर्वदलीय बैठकबाट बुधबार बिहान ८:३० बजेका लागि प्रदेशसभा बैठक आह्वान गर्ने निर्णय भएको हो । सोही निर्णयअनुसार प्रदेश सभाको बैठक आह्वान गरिएको प्रदेशसभा सचिवालयले जानकारी दिएको छ ।
बैठक आह्वानसम्बन्धी सूचना प्रदेशसभा सदस्यलाई पु¥याइएको छ । उपसभामुख बबिता राउत ईश्वरको अध्यक्षतामा बसेको सर्वदलीय बैठकबाट बिहानका लागि बैठक आह्वान गर्ने सहमति अनुसार बैठक आह्वान गरिएको हो । बिहान प्रदेशसभाको कार्यव्यवस्था परामर्श समितिको बैठक समेत ७ बजे आह्वान गरिएको छ ।
सोमबार सर्वोच्च अदालतले मुख्यमन्त्री सरोज यादवलाई २४ घण्टाभित्र प्रदेशसभाबाट विश्वासको मत लिन परमादेश गरेपछि प्रदेशसभाबाट विश्वासको मत लिन लागेका हुन् । सर्वोच्च अदालतले २४ घण्टाभित्र विश्वासको मत लिन परमादेश जारी गरेपछि मुख्यमन्त्री यादवले आफूलाई यसको औपचारिक रुपमा आदेशको प्रति प्राप्त नभएको बताउँदै प्रदेश सभाबाट प्रति ल्याएर प्रक्रिया अगाडि बढाउन आफूले अग्रसरता लिएको जानकारी दिए ।

- **अंक गणित मुख्यमन्त्रीको विपक्षमा**

सोमबार सर्वोच्च अदालतले परमादेश जारी गरेसँगै मुख्यमन्त्री यादवले सर्वोच्चको आदेशलाई शिरोधार्य गर्दै विश्वासको मत लिएर देखाउने दाबी गरेका छन् ।
नेपाली कांग्रेससहितका ७ दलले दायर गरेको रिटमाथि सर्वोच्चले मुख्यमन्त्री यादवलाई २४ घण्टाभित्र विश्वासको मत लिन नसके संविधानको धारा १६८(२) बमोजिम नयाँ सरकार गठनको प्रक्रिया अघि बढाउन प्रदेश प्रमुखको नाममा परमादेश जारी गरेको थियो । सोही परमादेश अनुरुप आफूहरु विश्वासको मत लिने तयारी गरिरहेको र दलहरुसँगको परामर्शलाई अगाडि समेत बढाएको मुख्यमन्त्री यादवले जानकारी दिए ।
जबकि सर्वोच्चको परमादेशसँगै ७ दलीय गठबन्धनले नयाँ सरकार गठनकालागि तयारी थालिसकेको छ । यस हिसाबले मुख्यमन्त्रीको विपक्षमा मधेश प्रदेशसभाको अंकगणित छ । एमालेसँग जम्मा २५ प्रदेशसभा सदस्य छन् जसमध्ये एक जना निलम्बित छन् । जबकि विश्वासको मत पाउनका लागि १ सय ७ सदस्यीय मधेश प्रदेशसभामा विश्वासको मत पाउनका लागि ५४ प्रदेशसभा सदस्यको समर्थन आवश्यक हुन्छ ।
नेपाल संघीय समाजवादी पार्टी र राप्रपाका एक–एक प्रदेशसभा सदस्य मुख्यमन्त्रीको पक्षमा देखिए पनि राप्रपाले आफ्ना मन्त्री कञ्चन बिच्छामाथि कारबाही प्रक्रिया अघि बढाइसकेको छ ।
यता विपक्षमा रहेको कांग्रेसको २२, जसपा नेपालको १८, जनमत पार्टीको १३, माओवादी केन्द्रको ९, लोसपाको ८, एकीकृत समाजवादी पार्टीको ७ र नागरिक उन्मुक्ति पार्टी १ गरी सातदलीय गठबन्धन दुई तिहाइ प्रदेशसभा सदस्य छन् । यस हिसाबले मुख्यमन्त्री यादवले विश्वासको मत पाउने सम्भावना कम देखिन्छ ।

*समाचार पृठ २ मा*

# कटहरियाका सात कर्मचारीविरुद्ध भ्रष्टाचारको मुद्दा


**मधेशदृष्टि**
**रौतहट ।**
अख्तियार दुरुपयोग अनुसन्धान आयोगले रौतहटको कटहरिया नगरपालिकामा सार्वजनिक रकम दुरुपयोग भएको ठहर गर्दै सात जना कर्मचारी तथा एक संस्थामाथि विशेष अदालत काठमाडौँमा भ्रष्टाचार मुद्दा दायर गरेको छ ।आयोगका अनुसार नगरपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत रामप्रकाश साह, सहायक लेखापाल विवेक कुमार सहनी, सहायक पाँचौँ स्तरका कर्मचारी राम नरेश प्रसाद यादव, कम्प्युटर अपरेटर उमेश कुमार दास, खरिदार कौशल किशोर चौधरी लगायत ७ कर्मचारी विरुद्ध मुद्दा दायर गरिएको हो ।
त्यसैगरी काठमाडौँस्थित सरिता फाउन्डेसन तथा सो संस्थाकी निर्देशक सरिता कुमारी साहविरुद्ध पनि भ्रष्टाचार मुद्दा दर्ता गरिएको आयोगले जनाएको छ ।
तत्कालीन मेयर सियाराम कुशवाहाको कार्यकालमा आर्थिक वर्ष २०७७–७८ मा नगरसभाले बजेट स्वीकृत नै नगरेको अवस्थामै सरिता फाउन्डेसनका नाममा पाँच लाख रुपैयाँको चेक काटिएको र मिलेमतोमा रकम हिनामिना गरिएको उजुरी पछि अख्तियारले अनुसन्धान अघि बढाएको थियो ।
अनुसन्धानक्रममा रकम अनियमित तरिकाले भुक्तानी लिई–दिई नगरपालिकालाई ९ लाख ९८ हजार ९ सय २१ रुपैयाँ बराबरको आर्थिक क्षति पुगेको ठहर आयोगले गरेको छ ।
आयोगले मुद्दामा सम्बन्धित सबै अभियुक्तसँग प्रतिव्यक्ति ९ लाख ९८ हजार ९ सय २१ रुपैयाँ बिगो असुल गर्न माग गरिएको उल्लेख गरेको छ । आरोप पत्र दायरसँगै अब प्रकरणको सुनुवाइ विशेष अदालत काठमाडौँमा हुनेछ ।

# मंसिर २० गते नेकपाको सन्देशसभा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाली कम्युनिष्ट पार्टी (नेकपा)ले मंसिर २० गते जनकपुरधाममा एकताको सन्देशसभा गर्ने भएको छ ।
१६ वटा विभिन्न राजनीतिक दलहरु मिलेर बनेको नेकपाले जनकपुरधामको तिरहुतिया गाछीमा मंसिर २० गते एकताको सन्देश सभा गर्न लागेको हो ।
सांगठनिक सुदृढिकरण तथा फागुन २१ गते हुने निर्वाचनको तयारी स्वरुप नेकपाले विभिन्न प्रदेशहरुमा पुगेर शीर्ष नेताहरुको उपस्थितिमा एकताको सन्देशसभा गर्न लागेको नेकपाका नेता महेन्द्रराय यादवले जानकारी दिए ।



उनले सन्देशसभा मार्फत एकता प्रकृयालाई सुदृढ बनाउनुका साथै फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचनका लागि तयार रहेको सन्देश दिने बताए । ८ वटै जिल्लामा सहजकर्ता खटाएर अमासभामा सहभागी हुनका लागि आम नागरिकलाई सहजीकरण गरिएको उनले बताए ।
सन्देशसभामा ८ वटै जिल्लाबाट ४० हजार भन्दा बढीको सहभागिता रहने अनुमान गरिएको छ । सभामा नेकपाका संयोजक पुष्पकमल दाहाल प्रचण्ड, सहसंयोजक माधवकुमार नेपाल, नारायणकाजी श्रेष्ठ, मातृका यादव लगायतका नेताहरुले सम्बोधन गर्ने कार्यक्रम छ ।



# कारको ठक्करबाट एकको मृत्यु ट्राफिक प्रहरीसहित दुई घाइते

**काठमाडौँ ।**
काठमाडौँको केशरमहलस्थित सडकमा कारको ठक्करबाट एक जनाको मृत्यु भएको छ । दुर्घटनामा प्रहरीसहित दुई जना घाइते भएका छन् ।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता, प्रहरी उपरीक्षक नरेशराज सुवेदीका अनुसार मंगलवार अपराह्न 'डिउटी'मा रहेका ट्राफिक प्रहरीसहित एक पैदलयात्रीलाई बा प्र ०१–०३० च २३४८ नम्बरको इभी कारले ठक्कर दिएको थियो । दुर्घटनामा पहिचान नखुलेका एक पुरुष पैदलयात्रीको मृत्यु भएको उनले जानकारी दिए ।

दुर्घटनामा घाइते उनको ट्रमा सेन्टरमा उपचारका क्रममा मृत्यु भएको हो । दुर्घटनामा ट्राफिक प्रहरी प्रभाग दरबारमार्गमा कार्यरत ट्राफिक प्रहरी हवल्दार परशुराम ठाकुर र कार चालक सुरेशराज कालिका घाइते भएका छन् । कार दुई जनालाई ठक्कर दिएर नजिकैको पर्खालमा ठोक्किन पुगेको प्रहरीले जनाएको छ । रासस

# चलचित्र 'कुमारी'को पहिलो गीत सार्वजनिक

**काठमाडौँ।**
नेपाली चलचित्र 'कुमारी'ले आफ्नो पहिलो गीत 'कता छौ मेरो फूल' सार्वजनिक गरेको छ।

दिनेश राउतद्वारा निर्देशित चलचित्रको गीत सार्वजनिकसँगै निर्माण टोलीले चलचित्रको रिलिज समय पनि घोषणा गर्दै 'कुमारी' आगामी माघ २३ गते देशभर प्रदर्शनमा आउने जनाएको छ।

यसअघि टुँडिखेलमा भव्य रूपमा आयोजना गरिएको घोषणा कार्यक्रममा यो गीतको लाइभ प्रस्तुति गरिएको थियो । गायक केहरसिंह लिम्बू तथा उनको ब्यान्ड 'केहर एन्ड द लुङ्गा'ले प्रस्तुत गरेको यो गीत 'जेन्जी' पुस्ताबीच लोकप्रिय बन्दै गएको छ।

चलचित्रको मुख्य भूमिकामा अभिषेक खड्का र आकृति राजभण्डारी रहेका छन् । दुवै कलाकार यसै चलचित्रमार्फत मुख्य भूमिकामा 'डेब्यू' गर्दै छन् । साथै घनश्याम जोशी, सुनिता श्रेष्ठ, आकाङ्क्षा कार्की, मधु खड्का, सनम श्रेष्ठ, सकु शाह, सरोज लामिछाने, मनीषा शर्मालगायत कलाकारले चलचित्रमा अभिनय गरेका छन्।

'आई एम सरी'बाट निर्देशन यात्रा सुरु गरेका राउत 'नोभेम्बर रेन' र 'क्लासिक' जस्ता सफल प्रेमकथाका लागि चिनिन्छन् । पछिल्ला वर्षमा सामाजिक विषयमा केन्द्रित फिल्म निर्देशन गर्दै आएका राउतले दर्शकको रुचिअनुसार फेरि प्रेमकथामा फर्किएको बताएका छन् । 'कुमारी'को प्रोजेक्ट 'पुजार सार्की'भन्दा अघि प्रारम्भ भए पनि विभिन्न कारणले अहिले आएर मात्र बनेको हो।

'कुमारी'मा चार गीत रहनेछन् । सबै गीतमा स्वर केहर सिंह लिम्बूले दिएका छन् भने सङ्गीतमा लिम्बूसँगै सुमन तामाङ र प्रशान्त सिवाकोटीको सहभागिता रहेको छ । गीतका शब्द सागर लामिछाने मगर, सुमन तामाङ र युवराज काफ्लेले लेखेका हुन्।

बिनिश इन्टरटेन्मेन्ट र पिक्चर फ्रेमको सहकार्यमा निर्माण भएको यस चलचित्रका निर्माता महेन्द्र अधिकारी हुन् । स्क्रिप्ट विकास सुवेदीले लेखेका छन् भने छायाङ्कन निर्देशन सुसन प्रजापतिले गरेका हुन् । कार्यकारी निर्माता केदार भुसाल रहेका छन्।

'कुमारी'को डिजिटल वितरण केन्द्र मोसन पिक्चर्सले गरेको छ भने काठमाडौँ उपत्यकामा डिसिएन र उपत्यकाबाहिर कुवेर सिने डिस्ट्रिब्युसनले थिएट्रिकल वितरण गर्दैछन् । यसको प्रोडक्सन डिजाइनरमा आशिका शर्मा, कस्ट्युम डिजाइनर अञ्जली रिजाल, मुख्य सहायक निर्देशकमा दिनेशबहादुर रावत रहेका छन्। चलचित्रमा सुप्रिम पराजुलीको सम्पादन तथा रङ्ग संयोजन, उत्तम न्यौपानेको साउन्ड डिजाइन, किरण थापा र शिशिर खातीको कोरियोग्राफी रहेको छ।रासस

# जनकपुरको 'प्लेअफ' पुग्ने आशा जीवितै छः अनिल शाह



**काठमाडौँ।**
दोस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल)मा साविक विजेता जनकपुर बोल्ट्सले पहिलो जित दर्ता गरेको छ। लगातार चार खेलमा पराजित भएर सङ्कटमा परेको जनकपुरले मंगलवार पाँचौँ खेलमा पहिलो जित हात पा¥यो।

जनकपुरले चितवन राइनोजलाई छ विकेटले पराजित गर्दै अङ्कतालिकामा खाता खोल्दै दुई अङ्क पनि जोड्यो । यो जितले जनकपुरको गणितीय हिसाबले भए पनि 'प्लेअफ'को झिनो आशा बढेको छ । बाँकी रहेका दुई खेलमा फराकिलो जित निकालेर मात्रै त्यो सम्भावना रहने नभई जनकपुरले अन्य टोलीको नतिजामा पनि भर पर्नुपर्ने छ।

आजको जितमा अनिल शाह 'म्याच विनर' बने । ६१ रन हिर्काउनुका साथै एक विकेट पनि झारेका अनिल 'प्लेयर अफ द म्याच' समेत चुनिए । जितपछि सञ्चारकर्मीसँगको कुराकानीमा शाहले 'प्लेअफ'को सम्भावना बाँकी रहेको बताए।

'अझै दुई खेल बाँकी छन् । ती खेल जितेर प्लेअफमा पुग्ने सम्भावनालाई कायमै राख्छौँ। लगातारको हारले टोलीको मनोबल खस्किएको भए पनि आजको जितले आगामी खेलमा सहज हुनेछ', उनले भने, 'पछिल्ला खेलहरूमा रन ननिस्किँदा त्यही दबाब महसुस गरेको थिए । आज टिम ब्याक गर्दा रन पनि निस्किनु मेरो लागि खुसीको क्षण हो।'

पाँचौँ खेलमा तेस्रो हारपछि चितवन राइनोजको 'प्लेअफ'को बाटो साँघुरो बन्न थालेको छ । बाँकी दुई खेलमा उसले जित निकाल्नुपर्ने दबाब बढेको छ ।आजको हारपछि चितवनका विदेशी खेलाडी डेबिड मालनले आगामी दुई खेल जित्दा 'प्लेअफ' पुग्ने सम्भावना रहेकाले जित निकाल्न मेहनत गरिने बताए । रासस

# पारिवारिक कथामा आधारित चलचित्र 'हर्ष' देशभर प्रदर्शित

**काठमाडौँ।**
पारिवारिक कथामा आधारित चलचित्र 'हर्ष' यही मङ्सिर १२ गतेदेखि देशभर प्रदर्शनरत छ । अभिनेता खगेन्द्र लामिछाने र अभिनेत्री वर्षा राउत रहनुभएको उक्त चलचित्रको निर्देशक एकता पौडेलले छन।

स्वर्गीय निर्देशक शिव रेग्मीको भाञ्जीसमेत रहेकी निर्देशक पौडेलले पहिलो निर्देशकीय चलचित्रमा सामाजिक विषयलाई स्थान दिनुभएको बताए । 'मसँग रहेका आधा दर्जनभन्दा बढी पटकथामध्ये 'हर्ष'लाई छनोट गरेँ । चलचित्रको कथावस्तु र पात्रसँग दर्शक जोडिनेमा विश्वस्त भएर नै मैले सामाजिक विषय रोजेकी हुँ', निर्देशक पौडेलले भने। उनले पछिल्लो समय समाजमा रहेका नकारात्मक र सकारात्मक पक्षलाई चलचित्रमा समेटेर राम्रो सन्देश दिएको बताए । उनले भने, 'मेरो चलचित्र पारिवारिक हो, संवेदनशील विषयवस्तुसहित मन छुने कथा उजागर गर्न प्रयास गरेकी छु । आगामी समयमा यसको प्रभाव पक्कै पर्छ भन्ने लागेको छ । चलचित्रमा उठाइएका विषयमा सार्वजनिक बहस हुन आवश्यक छ।

चलचित्रले जटिल सिद्धान्तजस्तो होइन, सरल तर प्रभावकारी शैलीमा मनोरञ्जनसहित कुरा भन्छ।'

नेपाली समाजमा वंश निरन्तरताका क्रममा अवरोध आउँदा परिवार र समाजले गर्ने प्रतिक्रिया तथा त्यसले सिर्जना गर्ने मनोवैज्ञानिक दबाबलाई चलचित्रमा देखाएको छ । अभिनेत्री वर्षा राउत चलचित्रमा बुहारीको भूमिकामा छन । 'केन्द्रीय भूमिका भएपछि दर्शकले मेरो अभिनयलाई अलि ध्यान दिएर हेर्नुभएको जस्तो लागेको छ । अघिल्ला चलचित्रको तुलनामा सुधार गरेको प्रतिक्रिया पाएकी छु, दर्शकले समाजको एउटा देखाउनै पर्ने कथा भनेर तारिफ गर्नुभएको छ', अभिनेत्री राउतले स्पष्ट गरिन।

उक्त चलचित्रमा अभिनेत्री राउतसँगै खगेन्द्र लामिछाने, निर शाह, सन्तोष पन्त, शर्मिला मल्ल, माओत्से गुरुङ, विशाल पहाडी, निमा पाण्डे, लुनिभा तुलाधर, अंशु महर्जन, रेनु प्रधान, सुवर्ण थापा, श्रृष्टि महर्जनलगायतका कलाकारले अभिनय गरेका छन। रासस

# कृषि प्रधान देशमा अर्बौँका कृषि उपज आयात

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज नाका हुँदै चालु आर्थिक वर्षको प्रथम चार महिनामा पाँच अर्ब ८९ करोड रुपैयाँ बराबरका १६ थरिका खाद्यवस्तु आयात भएका
छन् । गत आवको सोही अविधको तुलनामा यो एक अर्ब २४ करोड रुपैयाँले बढी हो ।

वीरगंज भन्सार कार्यालयका प्रमुख विष्णुप्रसाद ज्ञवालीका अनुसार दुई अर्ब २९ करोड रुपैयाँ बराबरको चार करोड २१ लाख ८६ हजार १ सय ११ किलोग्राम मकै र दुई अर्ब एक करोड रुपैयाँ बराबरको पाँच करोड ४० लाख ४५ हजार ४ सय १३ किलोग्राम धान आयात भएको छ ।

त्यसैगरी, एक अर्ब छ करोड रुपैयाँ मूल्यका एक करोड नौ लाख ४४ हजार ५ सय ६० किलोग्राम चामल आयात भएको छ ।

# कला तथा सांस्कृतिक महोत्सव बुधबारदेखि

**काठमाडौँ ।**
नेपाली कला र संस्कृतिको परिचायक हस्तकलाका सामग्रीको प्रचारप्रसार एवं प्रवद्र्धन गर्ने उद्देश्यले बुधबारदेखि 'कला तथा सांस्कृतिक
महोत्सव–२०८२' हुने भएको छ ।

कला नगरी ललितपुरको पाटन दरबार स्क्वायर क्षेत्रमा हुने सो महोत्सवको बाग्मती प्रदेशका उद्योग, वाणिज्य, भूमि तथा प्रशासनमन्त्री बिन्दु श्रेष्ठले उद्घाटन गर्ने कार्यक्रम रहेको नेपाल हस्तकला महासङ्घले जनाएको छ । प्रदर्शनीमा करिब २१ वटा 'क्यानोपे' र १० वटा टेबल स्टल रहने मंगलवार यहाँ आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो । महोत्सवमा हस्तकलाका सामग्रीका अतिरिक्त बुद्ध धर्मअनुसार दश कर्ममा प्रयोग हुने गरगहना, जातीय पोसाक, शास्त्रीय सङ्गीत, विभिन्न विधाका चर्या नृत्य, अष्टमात्रिका र कार्तिक नाच, लोकनृत्यलगायत धाः बाजा, दमोखिं बाजा, नेपाल भाषाका लोकगीको प्रस्तुति रहने महासङ्घका अध्यक्ष रवीन्द्र शाक्यले जानकारी दिए ।

प्रदर्शनी बिहान १०:०० देखि साँझ ७:०० बजेसम्म चल्ने महासङ्घले जनाएको छ ।रासस

# एम्बुलेन्स र शववाहनको विवरण अनिवार्य उपलब्ध गराउन स्वास्थ्य मन्त्रालयको सूचना

काठमाडौँ।
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले देशभरिका सम्पूर्ण एम्बुलेन्स र शववाहनको विवरण अनिवार्य उपलब्ध गराउन सूचना जारी गरेको छ।

मंगलवार एक सूचना जारी गर्दै यही मङ्सिर २१ गतेभित्र अनिवार्य रुपमा मन्त्रालयको इमेल ठेगानामा विवरण उपलब्ध गराउन अनुरोध गरेको हो । आम नागरिकलाई प्रभावकारी, व्यवस्थित, मितव्ययी तथा सेवाग्राहीमैत्री एम्बुलेन्स र शववाहन सेवाका लागि एकीकृत प्रणालीलाई सुदृढीकरण गर्न आवश्यक रहकाले हाल नेपालमा सञ्चालनमा रहेका सम्पूर्ण एम्बुलेन्स तथा शववाहनहरुको विवरण सम्बन्धित सेवा प्रदायक संस्थाहरुले पठाउनुपर्ने मन्त्रालयले जनाएको हो।

हाल एम्बुलेन्स सेवा निर्देशिका, २०८२ र शववाहन सेवा सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७७ कार्यान्वयनमा छ ।रासस

# मुख्यमन्त्रीले बुधबार विश्वासको मत...

नयाँ सरकार गठनमा सक्रियता
सर्वोच्च अदालतले मुख्यमन्त्री सरोजकुमार यादवलाई २४ घण्टाभित्र विश्वासको मत लिन परमादेश दिएपछि मधेश प्रदेशमा नयाँ सरकार गठनतर्फ दलहरुको ध्यान केन्द्रित भएको छ । एमाले बाहेकका दलहरुले यादवलाई विश्वासको मत नदिने बताएका छन् । एमाले बाहेकका दलका ७३ जना सांसदले दिएको रिटको सुनुवाइ गर्दै सर्वोच्चले सोमबार २४ घण्टाभित्र विश्वासको मत लिन परमादेश जारी गरेको हो । सर्वोच्चले संविधानको धारा १६८ को उपधारा ३ अनुसार नियुक्त भएका मुख्यमन्त्री यादवलाई एक पटक विश्वासको मत पुर्याउन अवसर दिने र नसकेमा प्रदेश प्रमुखले उपधारा २ अनुसारको सरकार गठनका लागि प्रक्रिया अघि बढाउने बाटो खोलेको छ ।

**सर्वोच्चको आदेशमा ओलीको आपत्ति**
नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले मधेश प्रदेशका मुख्यमन्त्रीलाई २४ घण्टाभित्र विश्वासको मत लिनका लागि सर्वोच्च अदालतले दिएको परमादेशप्रति आपत्ति जनाएका छन् ।

पार्टी केन्द्रीय कार्यालय च्यासलमा वन विभागले गरेको कार्यक्रममा उनले आदेशप्रति आपत्ति जनाएका हुन् । सर्वोच्च अदालतका न्यायाधीशद्वय हरिप्रसाद फुयाँल र नित्यानन्द पाण्डेको संयुक्त इजलासले सोमबार यो आदेश जारी गरेको थियो । उनले आदेशले आफू अचम्ममा परेको टिप्पणी पनि गरे ।

संविधानले ३० दिनभित्र विश्वासको मत लिनुपर्ने प्रावधान राखेको भए पनि तीन दिनअघि नै सर्वोच्चले २४ घण्टाको अवधि दिएको भन्दै संविधानविपरीत आदेश आएको उनको भनाइ छ ।

तर पनि अदालतलाई पूरा सम्मान गर्दै कार्यान्वयन गर्ने उनको भनाइ थियो । परस्थिति, मान्छे र अनुहार हेरेर कुनै हिसाबले फैसला गर्न नहुने ओलीको भनाइ थियो ।

**किसानलाई राहत, युवालाई भत्ता, विद्यार्थीलाई छात्रवृत्ति**
मधेश सरकारले किसान, बेरोजगार युवा तथा दलित केन्द्रीत विभिन्न निर्णय सार्वजनिक गरेको छ । मुख्यमन्त्री सरोजकुमार यादवले मंसिर १६ गते बसेको मन्त्रिपरिषद् बैठकबाट किसान, बेरोजगार युवा, दलित तथा मुस्लिम समुदाय, विद्यार्थी तथा उद्योग–व्यवसायलाई लक्षित गर्दै गरिएका निर्णय सार्वजनिक गरेका हुन् ।

सुक्खा तथा मोन्था चक्रवातको प्रकोपबाट प्रभावित किसानलाई राहत उपलब्ध गराउन प्रदेश सरकारले प्रतिकठ्ठा १ हजार ५ सय रुपैयाँका दरले राहत वितरण गर्ने निर्णय गरेको छ । स्थानीय तहमार्फत क्षतिको विवरण संकलन र प्रमाणीकरण गराई कृषि मन्त्रालयले कार्यविधि बनाउने तथा त्यसका लागि आवश्यक बजेट अर्थ मन्त्रालयले व्यवस्थापन गर्ने मुख्यमन्त्री यादवले बताए ।

उच्च शिक्षामा पहुँच विस्तारका लागि मधेश प्रदेश सरकारले अर्को महत्वपूर्ण कदम उठाउँदै दलित तथा मुस्लिम समुदायका स्नातकोत्तर तहका विद्यार्थीलाई प्रति विद्यार्थी १ लाख रुपैयाँको छात्रवृत्ति उपलब्ध गराउने निर्णय गरेको छ ।

समाजका वञ्चित वर्गलाई उच्च शिक्षामा प्रोत्साहन दिने उद्देश्यले यो निर्णय गरिएको मुख्यमन्त्री यादवले बताए ।

कृषिजन्य सामग्री तथा महँगीका कारण उत्पादन लागत बढेको भन्दै किसानलाई यथोचित प्रतिफल दिलाउन प्रदेश सरकारले धानको न्यूनतम समर्थन मूल्य बढाइदिन नेपाल सरकार समक्ष अनुरोध गर्न लागेको उनले बताए । प्रस्तावित दरअनुसार मोटो धानको मूल्य प्रति क्विन्टल ४ हजार, मध्यम धान ४२ सय र चैते धान ३ हजार प्रति क्विन्टल कायम गर्न अनुरोध गरिने छ । यसले किसानलाई कृषि पेशामा टिकाइराख्न महत्वपूर्ण सहयोग पुग्ने मुख्यमन्त्री यादवको भनाइ थियो ।

त्यस्तै, प्रदेश सरकारले मदरसा शिक्षा बोर्डसम्बन्धी विधेयक तर्जुमा गर्न शिक्षा तथा संस्कृति मन्त्रालयलाई सैद्धान्तिक स्वीकृति पनि प्रदान समेत गर्न लागेको छ । यो निर्णयले प्रदेशमा मदरसा शिक्षालाई संस्थागत र व्यवस्थित बनाउँदै धार्मिक तथा सामुदायिक शिक्षाको पहुँचलाई सुदृढ गर्ने अपेक्षा गरिएको छ ।

# लुम्बिनी र रामग्राममा तेस्रो संस्करणको 'विश्व शान्ति कार्यक्रम' हुँदै

**काठमाडौँ ।**
'समृद्ध भविष्यका लागि शान्ति'को आह्वानसहित यही मङ्सिर २५ देखि २७ गतेसम्म लुम्बिनी र रामग्राममा तेस्रो संस्करणको 'विश्व शान्ति कार्यक्रम' आयोजना गरिएको छ ।



द प्रमिस्ड ल्यान्ड फाउन्डेसनको मुख्य आयोजनामा हुने सो कार्यक्रममा नेपालसहित संयुक्त राष्ट्र सङ्घका सांस्कृतिक राजदूत, अन्तरराष्ट्रिय व्यापारिक नेता, अर्बपति, विद्वान, कलाकार, युवा र सामुदायिक प्रतिनिधिसहित १० हजारभन्दा बढीको सहभागिता रहनेछ ।

त्यस अवसरमा विश्वका २५ अर्बपतिहरू नेपालमा अवसरहरू अन्वेषण गर्न आफ्नो पहिलो सामूहिक भ्रमणमा भेला हुने कार्यक्रमको मिडिया संयोजक सुलोचना खतिवडाले जानकारी दिए । बुद्धको जन्मस्थल लुम्बिनी र बुद्धको अक्षुण्ण अवशेष रहेको रामग्राममा अवस्थित विश्व शान्ति कार्यक्रमको तेस्रो संस्करणमा नेपालको आध्यात्मिक सम्पदा, शान्ति र समृद्धिलाई केन्द्रमा राखिएको छ ।

साथै संयुक्त राष्ट्र सङ्घको दिगो विकास लक्ष्यहरू, विशेषगरी एसडिजी–१६ शान्ति, न्याय र बलियो संस्थाहरूको भावनासँग नजिकबाट मिल्दोजुल्दो रहेको आयोजक दाबी छ ।

तीन दिनसम्म सञ्चालन हुने सो कार्यक्रममा शान्ति, जलवायु, विकास, आन्तरिक कल्याण र सामाजिक न्यायमाथि संवाद, व्यावहारिक शान्ति निर्माण र दैनिक नेतृत्वसम्बन्धी युवा र समुदाय–केन्द्रित सत्रहरू गरिने जनाइएको छ । महिला, आदिवासी समुदाय र सीमान्तकृत आवाजहरुका सवालमा बहस, रचनात्मकताको उपचार र एकताबद्ध शक्तिलाई उजागर गर्ने सांस्कृतिक प्रदर्शन, सङ्गीत र कलात्मक प्रदर्शनी हुनेछन् ।

विश्व शान्ति कार्यक्रम २०२३ मा सुरु भएको थियो । जसमा संयुक्त राष्ट्र सङ्घका महासचिव एन्टोनियो गुटेरेसले लुम्बिनीको आफ्नो ऐतिहासिक भ्रमण गर्नुभएको थियो । तेस्रो संस्करणको शान्ति कार्यक्रममा तीन देशका पूर्वराष्ट्रप्रमुखको पनि आगमन रहने संयोजक खतिवडाले जानकारी दिए ।

सो कार्यक्रमका लागि नेपाल पर्यटन बोर्ड प्रवद्र्धनात्मक र काठमाडौँ विश्वविद्यालयले शैक्षिक साझेदारी गरेको छ । कार्यक्रमको दोस्रो दिन रामग्राम स्तूपामा एक प्रमुख दीप अर्पण गर्ने आयोजकको तयारी छ । कार्यक्रममा सांस्कृतिक प्रदर्शनी, सङ्गीत र कलात्मक अभिव्यक्तिका सत्रहरु पनि हुने जनाइएको छ ।रासस

# ‘सीप र कला कुनै जातको हुँदैन’



**महोत्तरी ।**
‘सीप र कला जातको हुँदैन, दमाहा बजाउँदा मलाई गर्व महसुस हुन्छ,’ दमाहा बजाउँदै गरेकी यहाँको बर्दिबास–३ पाटुकी निरु पौडेलले भनिन्, ‘शुरुशुरुमा कतिले कुरा काटे, बाहुनकी छोरीबुहारीले यो के गरेकी पनि भने, तर मैले आफ्नो काम छाडिन । यसमा नाम र दाम दुवै पाएकी छु ।’ पञ्चे बाजा समूहमा निरु मात्र छैनन् । क्षेत्री, तामाङ, मगर, कामी, सार्की र दमाईं समुदायका अन्य महिला पनि छन् । पुरुष, महिला वा यो जात त्यो जात भन्ने छैन । सीप र कला हो । यसमा पोख्त सबै मिलेर ‘समावेशी नौमती पञ्चे बाजा साँस्कृतिक समूह’ गठन गरी व्यावसायिक रूपमा बाजा बजाउँदै आएका छन् । ‘हाम्रो समूहमा जात र लिङ्गको कुरा हुँदैन, त्यसैले यसको नाम नै ‘समावेशी’ शब्दबाट शुरु गरेका हौँ,’ समूहका अध्यक्ष रमेश पौडेल खत्री भन्छन्, ‘यहाँ सीप र कलाको कुरा हुन्छ ।’

पाटु बस्तीका १५ जनाले शुरू गरेका यो समूहलाई मङ्सिर लागेयता फुर्सद छैन । ‘हामीलाई डाक्ने जतिलाई समय दिन भ्याएका छैनौँ, जम्मा १५ जना छौँ, एकै समयमा बाँडिएर दुई ठाउँसम्म भ्याएका छौँ,’ अध्यक्ष खत्रीले भने, ‘कोही कुरा काट्ने पनि होलान्, तर हामीलाई त तिनका कुरा सुन्ने फुर्सदै पो छैन ।’ यो १५ जनाको समूहमा आठ जना महिला छन् ।

समूहमा भाले दमाहावादक सुभद्रा कार्की यो काम व्यवसाय मात्र नभएर एउटा विद्रोह पनि भएको बताउँछिन् । ‘हाम्रो पारम्परिक समाजमा महिलाले यो गर्नु हुँदैन, यो काम त अमुक जातको हो भन्ने सोचले जरा गाडेको छ, यस्तो बेला हामीले ‘दमाहा’ समाएका छौँ, परम्परागत समाजमा यो विद्रोह पनि हो,’ उनी भन्छिन्, ‘अब निरन्तर हामी काममा लागेपछि टिप्पणी गर्ने हराउँदै गएका छन्, हामी व्यवसायी बनेका छौँ ।’

समूहकी भीममाया क्याप्छाकी मगरले सहनाई बजाउन थालेपछि सबै दर्शक मुग्ध देखिन्छन् । ‘हैन, कस्तो राम्रो मिलेको यिनीहरूको सुरताल,’ बर्दिबास–१ का स्थानीय भक्त भण्डारीले भने, ‘यिनीको कामप्रतिको समर्पण र लगाव तारिफ योग्य छ ।’

केही महिना पहिलेमात्र समूह विधिवत बर्दिबास नगर कार्यपालिकाको कार्यालयमा दर्ता गराएका कलाकारले शुल्कमा पनि आफ्नो स्थानीयलाई विशेष छुट दिने गरेका छन् । बर्दिबास–३ मा आयोजना हुने समारोहमा दैनिक ४५ हजार, बर्दिबास नगरपालिकाका अन्य १३ वडामा ५५ हजार र बर्दिबास बाहिर जानुपरेमा ६५ हजार रुपैयाँ शुल्क तोकेका छन् ।

यो समूहमा आबद्ध भएदेखि घरायसी खर्चको जोहोका लागि कसैलाई गुहार्नु नपरेको झ्यालीवादक जानुका विक बताउँछिन् । ‘मधेशका सबै जिल्ला पुग्यौँ, जहाँजहाँ पुग्छौ, त्यहाँ हामीलाई बोलाउँछन्,’ समूहकी सहनाइवादक अञ्जना तामाङले भनिन्, ‘मान्छेको मायामाले कामप्रति झन् उत्साह बढाएको छ ।’ मधेशका जिल्लाबाहेक कोशी प्रदेशको उदयपुर र बागमतीको सिन्धुलीका कैयन समारोहमा सरिक भइसकेको उनले जानकारी दिइन् ।

आफ्नो समूहप्रति युवा पुस्ताले चाख बढाउँदै लगेको समूहका अध्यक्ष खत्री बताउँछन् । यो चासोले कामप्रति विश्वास जगाएको समूहमा आबद्ध कलाकार बताउँछन् ।

# मधेशमा ४ सय ७४ नयाँ एचआइभी एड्स संक्रमित

**जनकपुरधाम ।**
मधेश प्रदेशका जिल्लाहरूमा ४ सय ७४ जना नयाँ एचआइभी एड्सबाट संक्रमित भएका रोगीहरू फेला परेका छन् । ३८ औँ विश्व एड्स दिवसको अवसरमा प्रदेश स्वास्थ्य निर्देशनालयको आयोजनामा जनकपुरधाममा सम्पन्न भएको अन्तरक्रिया कार्यक्रममा सो विषयमा जानकारी दिइएको हो ।

नयाँ संक्रमित हुने मध्ये १६ जना गर्भवती महिला रहेको स्वास्थ्य निर्देशनालयका एचआइभीका सम्पर्क व्यक्ति राजवीर यादवले जानकारी दिए । नयाँ सङ्क्रमितहरूमा अधिकांश वैदेशिक रोजगारीबाट फर्केर आएका पुरुषहरू रहनुका साथै महिला, तेस्रो लिङ्गी तथा यौनकर्मीहरू रहेका उनले जानकारी दिए ।

संक्रमित भएकाहरूलाई दातृ निकायको सहयोगमा नेपाल सरकारले विभिन्न एचआइभी एड्स विरुद्धको औषधि मधेश प्रदेशका ११ वटा एआरटी सेन्टरहरूमा स्वास्थ्यकर्मीको निगरानीमा खुवाउने काम भइरहेको छ । मधेश प्रदेशको सप्तरीमा १ सय ८१, बारामा २ सय ३८, महोत्तरीमा ३ सय ६४, रौतहटमा ३ सय ९०, सिरहामा ४ सय २६, सर्लाहीमा ५ सय २०, धनुषामा ८ सय २२ र सबैभन्दा बढी पर्सा जिल्लामा १ हजार ८ सय ९६ जना गरेर कूल सङ्क्रमितको सङ्ख्या ४ हजार ३ सय ३२ जना एड्सका रोगी छन् ।

सबै सङ्क्रमितलाई रोगबाट लड्नका लागि क्षमता बढाउने औषधि खुवाउने काम भइरहेको मधेश स्वास्थ्य निर्देशनालयले जनाएको छ । प्रदेशगत रुपमा सबै भन्दा बढी बागमती प्रदेशमा संक्रमितहरु रहेका छन् । बागमती प्रदेशमा ७ हजार १ सय ४ जना तथा सबैभन्दा कम कर्णाली प्रदेशमा ७ सय ३१ जना संक्रमित रहेका छन् ।

यसै बीच एचआइभी एड्सका विषयमा जनचेतना फैलाउनका लागि धनुषा जिल्लाका सामुदायिक विद्यालय स्तरीय हाजिरी जवाफ प्रतियोगितामा विजयी भएका विद्यालय तथा विद्यार्थीहरूलाई शिल्ड, पदक तथा प्रमाणपत्र सहित आज सम्मानित गरिएको छ ।

हाजिरी जवाफ प्रतियोगितामा त्रिभुवन माध्यमिक विद्यालय वैलहीका छात्र रोहित कुमार र रोहित साह प्रथम, माध्यमिक विद्यालय बसविट्टीका शुभम कुमार मण्डल र अभा मण्डल द्वितीय तथा सरस्वती माध्यमिक विद्यालय कटरैतका श्याम सुन्दर दास र छात्रा आकृति यादव तृतीय हुनु भएको छ ।

स्वास्थ्य कार्यालय धनुषाका प्रमुख उमेश यादवको अध्यक्षतामा भएको कार्यक्रममा धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद लुइँटेल, जिल्ला समन्वय समिति धनुषाका प्रमुख राजनन्दन मण्डल र मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति प्राध्यापक डा अङ्कुर साहले एचआइभी एड्सप्रति जनचेतना फैलाउन जरुरी रहेको बताए ।

# धान खरिदमा चुनौती



**मधेशदृष्टि**
**सिरहा ।**
लहानस्थित खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको शाखामा यसवर्ष किसानको धान खरिदमा चुनौती देखिएको छ । सरकारले तोकेको समर्थन मूल्य स्थानीय व्यापारीले किसानलाई दिएको भन्दा बढी भएपछि किसानहरू खाद्य व्यवस्थालाई धान बिक्री गर्न आकर्षित भएका हुन् ।

तर शाखालाई प्राप्त न्यून कोटाका कारण किसान मारमा पर्ने देखिएको छ । खाद्य कम्पनी लहान शाखाका प्रमुख दीपक सुनारका अनुसार, शाखाले यस वर्ष १२ हजार क्विन्टल सोना मन्सुली धान खरिद गर्ने कोटा पाएको छ ।

गत वर्ष ४० हजार क्विन्टलको कोटा प्राप्त गरेको थियो । विभागबाट न्यून कोटा तोकिएका कारण किसानको धान खरिद गर्न कठिनाइ हुने उनको भनाइ छ ।

गतवर्ष किसानले स्थानीय व्यापारीलाई बढी मूल्य दिएका थिए । त्यसले गर्दा खाद्य कम्पनीमा थोरै मात्र धान बिक्रीका लागि ल्याएका थिए । यसवर्ष भने स्थानीय व्यापारीले सरकारले तोकेको मूल्य भन्दा कम मूल्य दिएको छ ।

कम्पनीले तीन हजार ६ सय २८ प्रति क्विन्टलको समर्थन मूल्य तोकेको छ भने व्यापारीले प्रति क्विन्टल दुई हजार आठ सयमा मात्र खरिद गरिरहेका छन् ।

# सयपत्री फूलखेतीबाट वार्षिक सात लाख बचत

**जलेश्वर ।**
महोत्तरीको मनराशिस्वा नगरपालिका–३ सोनौल गाउँका लालबाबु भण्डारीले सयपत्री फूलखेतीबाट वार्षिक सात लाख रुपैयाँ बचत गरिरहेका छन् । करिब २० कट्ठा क्षेत्रमा लगाइएको सयपत्री फूलखेतीबाट उनले वार्षिक सात लाख रुपैयाँ बचत गर्दै आएका हुन् । अहिले लालबाबुको दैनिकी बिहान ५ बजेदेखि बेलुकाका ५ बजेसम्म फूलखेतीमा बित्ने गरेको छ । गाउँको दुई स्थानमा १०–१० कट्ठामा क्षेत्रफलमा सयपत्री फूलखेती गरेका लालबाबु दिनभरि फूलको बिरुवा हेरचाह, सिँचाइ, मलखाद्य र फूल टिप्ने कार्यमा बिताउँछन् ।

फूलखेतीमा उनलाई छोराद्धय विकास र आकाशले पनि सघाउने गरेका छन् । भारतको मुज्जफरपुरबाट सयपत्री फूलको बिरुवा प्रतिवटा भारु दुईमा ल्याएर रोपाइँ गर्ने गरेको लालबाबुले बताए । उनका अनुसार एउटा बिरुवा हुर्कन २० देखि ४० दिन लाग्दछ । ‘एउटा बिरुवा सप्रिएपछि तीन–चार महिनासम्म फूल दिने गर्दछ । दश कट्ठामा लगाइएको एक हजार २ सय बिरुवाले एकैपटक फूल दिँदा एक दिनमा ५० किलोसम्म हुन्छ,’ उनले भने ।

उनले दुई स्थानमा फरकफरक समयमा फल्ने सयपत्री लगाएका छन् । एक स्थानमा उत्पादित फूल सकिन लाग्दा अर्को स्थानमा फूल्न थाल्ने भएकाले वर्षभरि बिक्री गर्न सक्ने लालबाबुले बताए । सयपत्री फूलको माग वर्षभरि हुने भएकाले सधैँ आपूर्ति गर्न सफल भएको उनको भनाइ छ ।

‘एउटा सयपत्री फूल उनेको मालाको ५० देखि ७० रुपैयाँ पर्छ । घरमा आएका व्यापारीलाई ४० रुपैयाँमा बिक्री गर्छौँ । यसबाट दैनिक पाँच हजार रुपैयाँसम्म आम्दानी हुने गरेको छ,’ लालबाबुका छोरा विकासले भने । थोकमा प्रतिकिलो चारसय रुपैयाँदेखि ५ सय रुपैयाँसम्ममा बिक्री गर्दा दैनिक दुई हजारदेखि पाँच हजार रुपैयाँसम्म आम्दानी हुने उनले जानकारी दिए ।

लालबाबुले घरमा ‘जयमा फूल भण्डार’ नाममा पसल सञ्चालन गरेका छन् । वर्षभरिको घरखर्च, छोराहरूको पढाइ र अन्य खर्च कटाएर रु सात लाखसम्म बचत हुने गरेको उनले जानकारी दिए । रासस

दर्ता नं. : ७८/०५२/०५३ पान नं. : ६०१२४००४१

श्री हिमाल बचत तथा ऋण सहकारी संस्था लि.
Shree Himal Saving & Credit Co-operative Society Ltd.
पानीटंकी-१०, बीरगंज, पर्सा

## १८ औं वार्षिक साधारण सभा बारे सुचना

आदरणीय शेयर सदस्य महानुभाव,
उपर्युक्त बिषयमा यस संस्थाको १८ औं वार्षिक साधारण सभा मिति २०८२ कार्तिक १९ गते बुधवार बसेको संचालक समितिको निर्णय अनुसार तपसिल बमोजिम हुने भएको ले यहाँको अनिवार्य उपस्तिथतिका साथ सक्रिय सहभागिताको लागि हार्दिक निमन्त्रणा गर्दछौं ।

**साधारण सभाका प्रस्तावहरू :**
प्रस्ताव १ : संस्था संचालक समितिको तर्फबाट अध्यक्ष ज्युको प्रतिवेदन सम्बन्धमा ।
प्रस्ताव २ : संस्थाको लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।
प्रस्ताव ३ : संस्था आ. व. २०८१/०८२ को वार्षिक लेखापरीक्षण प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
प्रस्ताव ४ : आ.व . २०८१/०८२ मा संचालक समितिले गरेको निर्णयहरु पारित गर्ने सम्बन्धमा ।
प्रस्ताव ५ : आ.व . २०८१/०८२ को आम्दनी र खर्च पारित गर्ने सम्बन्धमा ।
प्रस्ताव ६: चालु आ.व २०८२/०८३ को निति,कार्यक्रम ,बजेट माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।
प्रस्ताव ७ : चालु आ.व २०८२/०८३ को लागी लेखापरिक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
प्रस्ताव ८ : विनियम स्विकृत गर्ने सम्बन्धमा ।
प्रस्ताव ९ : रणनीति,नीति,निर्देशिका एवं कार्य विधि संसोधन तथा तर्जुमा गर्ने सम्बन्धमा ।
प्रस्ताव १० : निर्णय पुस्तिका प्रमाणित गर्नेका लागी प्रतिनिधि छनौट सम्बन्धमा ।
प्रस्ताव ११ : संचालक समिति र लेखासुपरिवेक्षण समितिको चयन सम्बन्धमा ।
प्रस्ताव १२. विविध ।

**तपसिल :**
मिति : २०८२ मंसिर २८ गते आईतबार ।
समय : अपरान्ह ३ बजे ।
स्थान : होटल भिस्वा,बीरगंज १५,पर्सा ।

संचालक समितिको आज्ञाले
**किरण ठाकुर**
प्रबन्धक

# दुर्घटनामा सातजना घाइते



**मधेशदृष्टि**
**रौतहट ।**
गौर चन्द्रपुर सडकखण्ड अन्तर्गत यमुनामाई गाउँपालिका–४ स्थित मंगलबार बिहान ८:३० बजे तीन सवारीसाधन आपसमा ठोक्किँदा सात जना घाइते भएका छन् । दुर्घटनामा स्थानीय विजय साहको होटलसमेत क्षतिग्रस्त भएको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डीएसपी विष्णु प्रदीप बस्यालका अनुसार बडहर्वातर्फबाट आउँदै गरेको एचआर–२८–डी–७२२२ नम्बरको स्कार्पियोले चपुरबाट गौरतर्फ जाँदै गरेको बिआर–०७–पिए–७५८४ नम्बरको स्कार्पियोलाई र बाटोमै रोकी राखिएको ना२ह–६५२५ नम्बरको अटोलाई ठक्कर दिएपछि दुर्घटना भएको हो ।

घाइतेहरुमा बारा आदर्श कोतवाल–७ का ३० वर्षीय पवन यादव, सर्लाही बरहथवा–१४ का ११ वर्षीय अंकित महतो, स्कार्पियो चालक गौर–२ का २४ वर्षीय सुरेन्द्र कुमार साह, राजदेवी–८ का ५० वर्षीय शिवजी साह, मुनामाई–५ का ३९ वर्षीय मंगल पटेल र राजपुर–३ का १० वर्षीय तारिक वस्ता छन् ।

दुर्घटनापछि प्रहरी टोली तत्कालै घटनास्थल पुगेको र तीनैवटा सवारीसाधन नियन्त्रणमा लिइएको प्रहरीले बताएको छ । घाइतेहरूलाई उपचारका लागि प्रादेशिक अस्पताल गौरमा भर्ना गरिएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ ।

# नहरमा डुबेर महिलाको मृत्यु

**मधेशदृष्टि**
**बारा ।**
मंगलबार नहरमा डुबेर महिलाको मृत्यु भएको छ । कलैया उपमहानगरपालिका वडा नम्बर–२७ मा नहरमा जमेको पानीमा डुबेर स्थानीय ५० वर्षीया इन्दु देवी कोइरीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ । घरबाट बिहान निस्किएकी इन्दु देवी कोइरी ३ घण्टा सम्म घर नफर्किएपछि परिवारले खोजतलास शुरू गरेका थिए । सो क्रममा इन्दु देवीले लगाएको सल बरवा–पारता टोलस्थित सिँचाइ नहरमा देखिएपछि स्थानीयले प्रहरीलाई खबर गरेको कलैया उपमहानगरपालिका–२७ का वडा अध्यक्ष अशोक कुमार तिवारीले जानकारी दिए । घटनाबारे जिल्ला प्रहरी कार्यालय बाराले थप अनुसन्धान अघि बढाएको छ ।

सम्पादकीय

# नरोकिएको महिला हिंसा

लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान चलिरहेकै समयमा जनकपुरमा एक महिलाको शंकास्पद मृत्युले सबैको ध्यान केन्द्रित भएको छ। मंसिर ९ गतेदेखि लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान शुरु भयो, यही बीचमा रोशनी झाको शंकास्पद मृत्यु भयो। उनलाई ११ गते बिहीबार भ¥याङबाट लडेको भन्दै श्रीमान प्रशान्त मिश्रले अस्पताल लगे । प्रशान्तले रोशनीलाई जनकपुरस्थित गोदावरी अस्पताल लगेर भर्ना गरेका थिए । अस्पताल लगेपछि रोशनीलाई डाक्टरले मृत घोषित गरे। उनको मृत्यु प्रकरणले अहिले मधेशमा तहल्कै मच्चाएको छ। शुरुमा माइती पक्षले सोधखोज गर्दा पासो लगाई आत्महत्या गरेको भनी ससुराली पक्ष पन्छिन खोजेका थिए। तर माइत पक्षले शवको प्रकृति हेरेपछि घाँटी थिचेर हत्या गरेको आरोप लगाउँदै तीन दिनदेखि न्यायका लागि प्रहरीमा हारगुहार गरे पनि प्रहरीले घटनालाई सामान्यरुपमा लिँदै निवेदन दर्तासमेत गर्न मानेको थिएन। पछि स्थानीयको सहयोगमा चौतर्फी दबाबपछि १४ गते आइतबार जिल्ला प्रहरी कार्यालय धनुषाका एसपी रुगमबहादुर कुँवरको स्थलगत निरीक्षणपछि रोशनीका ससुरा रुद्रनारायण मिश्रलाई पक्राउ गरेको थियो।

पछि घटना भएको समयमा उनी काठमाडौँमा रहेका कारण ससुराको संलनता नभेटेपछि उनलाई रिहा गरेर पर्साहीबाट श्रीमान प्रशान्तलाई पक्राउ गरिएको जिप्रका धनुषाका डिएसपी गणेश बम भट्टले जानकारी दिए। शवको प्रकृति हेर्दा मृतकको घाँटीमा निलडाम देखिएको कुरा एसपी रुगमबहादुर कुँवरले सञ्चारकर्मीसँगको कुराकानीमा बताएका छन्। तथापि पोष्टमाटम रिपोर्टपछि मात्रै घटनाका सम्बन्धमा यकिन भन्न सकिने उनले बताए।

एसपी कुँवरले रोशनीका श्रीमान प्रशान्तलाई पक्राउ गरेर जिल्ला अदालत धनुषाबाट १४ गते नै पाँच दिन म्याद थप गरी अनुसन्धान गरिरहेको छ । उनले घटनाका सम्बन्धमा अनुसन्धान गरिरहेको बताउँदै सबै अनुसन्धान प्रकृया सकेपछि मात्रै घटनाका सम्बन्धमा सबिस्तार भन्न सकिने जानकारी दिए।

तथापि रोशनीका आफन्तले भने मुद्दालाई कमजोर बनाउने खेल भइरहेको आशंका गर्दै घटनाका सम्बन्धमा अनुसन्धान गरी छिटो सत्यतथ्य पत्ता लगाउनैपर्ने माग गरिरहेका छन्। अहिलेसम्म रहस्यको घेरामा रहेको रोशनी मृत्यु प्रकरणका सम्बन्धमा छानबिन तथा अनुसन्धानपछि सत्यतथ्य सार्वजनिक होला नै। यसवर्ष ‘महिला तथा बालबालिका विरुद्धको हिंसा रोक्न लगानीमा एकजुट’ अन्तर्राष्ट्रिय नाराका साथ मनाउन लागिएको यस अभियानमा नेपालमा पनि ‘लैङ्गिक हिंसा अन्त्यको सुनिश्चितताः महिला र बालबालिकामा लगानीको ऐक्यबद्धता’ भन्ने राष्ट्रिय नाराका साथ देशव्यापीरुपमा मनाइँदै छ। तर यही बिचमा यस्ता हिंसा हुनु आफैँमा दुःखदायी कुरा हो।

# नेपाल र भारतको सीमामा तेस्रो देशका नागरिकको ‘अभिलेख’ किन आवश्यक

नेपाल र भारतबीचको खुला सीमानामार्फत् हुन सक्ने तेस्रो देशका नागरिकहरूको घुसपैठ रोक्न गुप्तचर सूचना आदानप्रदान अभिवृद्धि गर्ने र सीमा नाकामार्फत् आवतजावत गर्ने विदेशीहरूको अभिलेख राख्न निर्देशन दिइएको अधिकारीहरूले बताएका छन्।

नोभेम्बर १५मा नेपालको मार्गहुँदै भारत प्रवेश गर्न खोजेका दुई जना ब्रिटेनका निवासीलाई पक्राउ गरिएको भारतीय (एसएसबी) ले जनाएको थियो । उनीहरूमध्ये एक जना पाकिस्तानी मूलका पुरुष रहेको विवरणहरू आएका छन्।

ती ब्रिटिश स्वास्थ्यकर्मीहरूलाई रुपइडीहा चेक पोस्ट थानाका प्रहरीहरूले पक्राउ गरेको र भिसा बिना भारतीय भूमिमा प्रवेश गरेको आरोपमा उनीहरूलाई बहराइचस्थित अदालतमा उपस्थित गराइएको भनिएको छ।

तेस्रो देशका नागरिकहरूको घुसपैठप्रति चिन्ता

यसै वर्ष नेपाल भारत सीमा पार गरेर गैरकानुनी रूपमा भारत प्रवेश गरेको आरोपमा केही चिनियाँ नागरिकहरू पनि पक्राउ परेका थिए।

केही समय अघि भारतको बहराइच प्रहरीले नेपालबाट अवैध ढङ्गले भारत प्रवेश गरेकी एक चिनियाँ महिलालाई ८ वर्ष कैद र ५० हजार रुपियाँ जरिवाना भएको बताएको छ।

मे महिनामा काठमाडौँस्थित चिनियाँ राजदूतावासले एउटा सूचना जारी गर्दै नेपाल र भारतबीच खुला सीमाना रहेको भन्दै आफ्ना नागरिकहरूलाई झुक्किएर भारतीय भूमिमा प्रवेश गरेको खण्डमा भारतीय सेना वा प्रहरीले पक्राउ गर्न सक्ने उल्लेख गरेको थियो।

त्यसबेला चिनियाँ दूतावासले अवैध रूपमा भारत प्रवेश गर्दा दुईदेखि आठ वर्षसम्म जेल सजाय तथा भारी जरिवाना हुने र धरौटीमा रिहा हुन समेत कठीन रहेको भन्दै आफ्ना नागरिकहरूलाई सतर्क गराएको थियो।

हालै बहराइचकै प्रहरीले नेपालबाट अवैध रुपमा भारत प्रवेश गरेका एक जना चिनियाँ नागरिकलाई पनि पक्राउ गरेको विवरण आएका छन्।

नेपालले पनि विभिन्न देशका नागरिक अवैध ढङ्गले भारतीय भूमि हुँदै नेपाल प्रवेश गर्ने विषय भारतीय अधिकारीहरूसँगको छलफलमा राख्ने गरेको पाइन्छ।

नेपाली अधिकारीहरूले रोहिँज्यासहित कतिपय देशका शरणार्थी भारतीय मार्ग हुँदै आफ्नो भूमिमा प्रवेश गरेको भन्दै चिन्ता व्यक्त गर्ने गरेको पाइन्छ।

नेपालको गृह मन्त्रालयका सहप्रवक्ता रविन्द्र आचार्य यस्ता घटना नियन्त्रणका लागि निगरानी बढाउने दुवै देशबीच सहमति रहेको बताए।

उनले भने, ‘गुप्तचर निकायलाई सक्रिय बनाउने र समाजका सबै तप्काहरूबाट सूचना लिने गर्दै आएका छौँ । हाम्रो सुरक्षाका लागि पनि कुन नाका बढी प्रयोग भएको छ, कस्ता नाका बढी प्रयोग भएको छ, कुन देशका नागरिक हुन् ? उनीहरूले सोधपुछमा के भनेका छन्, त्यस्तो विवरण तलसम्म रहन्छ।’

नेपाल र भारतका सीमा सुरक्षा अधिकारीहरूबीचको छलफलमा पनि तेस्रो देशका नागरिकहरूले एक अर्का देशको सीमा आरपार गर्दा त्यसको अभिलेख राख्ने विषय छलफलमा रहेको जानकार अधिकारीहरू बताउँछन्।

सीमा सुरक्षामा खटिएका अधिकारीहरू के भन्छन्?

दुई देशका सीमा सुरक्षा बलहरूको बैठकले यस्ता अवैध प्रवेशका घटनाको नियन्त्रणमा सहकार्य गर्ने विषयमा समीक्षा गरेको अधिकारीहरू बताउँछन्।

नोभेम्बर महिनामा भारतको नयाँ दिल्लीमा सम्पन्न सशस्त्र प्रहरी बल र भारतीय शसस्त्र सीमा बलबीचको छलफलमा अवैध आवतजावत नियन्त्रण गर्नुपर्ने विषयमा पनि छलफल भएको थियो।

शसस्त्र प्रहरी बलका सहप्रवक्ता प्रहरी नायब उपरीक्षक शैलेन्द्र थापाले नेपाल र भारतबीच खुला सीमाना भएकाले कहिलेकाहीँ तेस्रो देशका नागरिकहरूले त्यसबाट फाइदा उठाउन खोज्ने गरेको भन्दै आफूहरू त्यसप्रति सतर्क रहेको बताए।

उनले भने, ‘हामीले हाम्रो निगरानी र हाम्रो समकक्षी एसएसबीसँगको समन्वय र सहकार्यमा त्यसलाई हामीले रोक्दै आएका छौँ । खुला सीमाना भएकाले कहिलेकाहीँ थाहा नभएर पनि मानिसहरू त्यहाँसम्म पुगेको देखिएको छ । यो दुई देशको सीमा रेखा हो भनेर हामीले जानकारी गराइरहेका हुन्छौँ। उस्तै उस्तै जमिन देखिने भएकाले यो सीमा होइन कि भनेर पनि कहिलेकाहीँ भ्रम भएको हुनसक्छ।’ नेपाल र भारतबीचको सीमा क्षेत्रमा शसस्त्र प्रहरी बलका करिब २५० बोर्डर आउटपोस्ट रहेका छन् । प्रत्येक त्यस्ता आउटपोस्टमा करिब ३५ सुरक्षाकर्मी तैनाथ हुने गर्छन्।

‘नजानिकन वा थाहा नभएर सीमा पार गर्न लागेको अवस्थामा हामीले त्यहीँ अनुसार उसलाई सम्झाई बुझाइ गर्छौँ। उताको सुरक्षाकर्मीहरूले पनि हामीलाई त्यहीँ अनुसार खबर गर्नुहुन्छ । त्यो भन्दा बाहेकको अवस्थामा आ–आफ्नो नियम कानुन छ, त्यही अनुसार नै अघि बढ्ने हो।’

यसै वर्षको एप्रिलमा भारतले जारी गरेको अध्यागमन तथा विदेशी नागरिक सम्बन्धी ऐनले राहदानी वा भीसा बिना भारत प्रवेश गर्ने व्यक्तिलाई पाँच वर्षसम्म जेल र पाँच लाख रुपियाँ जरिवाना वा दुवै सजाय हुनसक्ने व्यवस्था गरेको छ।

नेपाल र भुटानसँगको सीमा सुरक्षाको जिम्मेवारी एसएसबीले पाएको छ । सन् २०२३–२०२४ को भारतीय गृहमन्त्रालयको वार्षिक प्रतिवेदनका अनुसार दुई देशबाट एसएसबीले ५८ जना तेस्रो देशका नागरिकहरूलाई पक्राउ गरेको थियो।

नेपालमा के प्रावधान छ?

अध्यागमन ऐन २०४९ ले कुनै पनि विदेशीले राहदानी र भिसा नलिई नेपालमा प्रवेश नपाउने व्यवस्था गरेको छ। जाली राहदानी वा भीसा प्रयोग गरी नेपालभित्र प्रवेश गर्नेको हकमा पाँच वर्षसम्म जेल सजाय र ५० हजार रुपियाँ जरिवानाको व्यवस्था कानुनमा छ।

भिसा बिना नेपाल प्रवेश गर्नेका हकमा अनुसन्धान गरी उनीहरूलाई निष्कासन गर्ने देखि निश्चित जरिवाना लिएर उनीहरूको आगमनलाई नियमित बनाउने अधिकार अध्यागमन कानुनले अध्यागमन विभागका महानिर्देशकलाई दिएको छ।

यसै वर्षको जुनमा अमेरिकी सरकारको निष्कासनमा परेपछि भुटान फर्काइएका भुटानी शरणार्थीहरू भारतहुँदै नेपाल प्रवेश गरेपछि अध्यागमन विभागले उनीहरूलाई ५० हजार रुपियाँ जरिवाना तोक्दै नेपालबाट निष्कासन गर्ने निर्णय लिएको थियो।

तर त्यसको तत्कालै कार्यान्वयन हुने अवस्था नदेखिएको परिस्थितिमा उनीहरूको यात्रा अनुमति पत्र तयार नहुँदासम्म तीनलाई शरणार्थी शिविरमा नै स्थान हद तोकेर बस्न दिने निर्णय अधिकारीहरूले गरेका थिए।

अध्यागमन अधिकारीहरू के भन्छन्?

अध्यागमन विभागका निर्देशक टिकाराम ढकालले बीबीसीसँग कुरा गर्दै भीषा बिना नेपाल प्रवेश गर्न खोज्नेहरूलाई आफूहरूले नाका छलीको आरोपमा कारबाही गर्ने गरेको बताए।

उनले भने, ‘हामीले उहाँहरूलाई नाका छलीको अभियोगमा जरिवाना लगाउँछौँ र नियमानुसार भिसा नियमित गर्ने पनि काम गर्छौँ। भारतबाट आएका तेस्रो मुलुकका विदेशीको हकमा उताको अध्यागमनले प्रस्थानको अनुमति दिइसकेपछि मात्रै हामी प्रवेशको अनुमति दिन्छौँ। तर कति जना त्यसो नगरी पनि आएको हामीले पाएका छौँ । उहाँहरूले थाहा थिएन भन्नुहुन्छ, कतिले म गाडीमा आए भारतको अध्यागमनले रोकेन भन्नुहुन्छ । कतिपय अवस्थाले त्यस्ता घटना स्थानीय अध्यागमनले हाम्रोमा पठाउने गरेको छ र यहाँबाट हामीले नियममन गरेका छौँ।’

उनका अनुसार नाका छलीको आरोप लागेका व्यक्तिहरूलाई न्यूनतम ३० डलर (४,२५४ रुपियाँ) देखी १२५ डलर (१७,७२५ रुपियाँ) सम्म जरिवाना हुने गरेको छ । ‘उहाँहरूलाई हामीले ३० दिनको प्रवेश अनुमतिपत्र दिन्छौँ।’

नेपाल र भारतबीचको सीमा क्षेत्रमा पूर्वमा काकडभिट्टादेखी पश्चिममा गड्डाचौकीसम्म गरेर विभिन्न ९ ठाउँमा अध्यागमन कार्यालयहरू रहेको अधिकारीहरू बताउँछन्।

नेपाल र भारतबीच करिब १,८८० किलोमिटर खुला सिमाना छ। उक्त खुला सीमानाको दुरुपयोग गर्दै विभिन्न तत्त्वहरूले आफ्नो राष्ट्रिय सुरक्षामा चुनौती पार्ने खालका गतिविधि गर्ने गरेको भन्दै भारतीय पक्षले नेपाली पक्षको बेला बेलामा ध्यानाकर्षण गराउने गरेको पाइन्छ। बीबीसी

# एमालेको ११ औँ महाधिवेशन: समाजका ११ अपेक्षा



जितेन्द्र बानियाँ

**भूमिकाः**

नेपालको राजनीतिक इतिहासमा महाधिवेशनहरू केवल आन्तरिक पार्टी प्रक्रिया मात्र होइनन्, देशको भावी दिशा, नीतिगत संरचना, नेतृत्वको वैचारिक स्वभाव, र नागरिकको अपेक्षा–विश्वाससँग प्रत्यक्ष रूपमा जोडिने बहु आयामिक राजनीतिक घटनाक्रम हुन्। विशेष गरी नेपालका ठूला र निर्णायक राजनीतिक दलहरूले गर्ने महाधिवेशनले देशकै नीति, शासन शैली, आर्थिक दृष्टिकोण, सामाजिक रूपान्तरण तथा राष्ट्रिय गौरवका विषयमा प्रभाव पार्ने शक्ति राख्छ।

यही सन्दर्भमा यही मंसिर २७ देखि २९गते सम्म हुन गइरहेको नेकपा एमालेको ११ औँ महाधिवेशन नेपाली समाजका विविध तह–तप्का, वर्ग–समूह, युवादेखि उद्योगी–व्यापारी, मजदुरदेखि बुद्धिजीवी तथा नीति निर्माता सबैले टाउको उठाएर हेर्ने अवसर बन्नेछ । किनकि एमाले विगत तीन दशकदेखि नेपालको मुख्य धारा राजनीतिमा निर्णायक शक्ति हो—सरकार, प्रतिपक्ष, स्थानीय तह, संघीय संरचना, नीति निर्माण, विकास दृष्टिकोण र राष्ट्रिय स्वाधीनताको पाटोमा समेत यसको भूमिका सशक्त मानिन्छ।

यस कारण, ११ औँ महाधिवेशनले के दियो भन्दा पनि नेपाली समाजले यसबाट के खोज्यो ? भन्ने प्रश्न अझ महत्त्वपूर्ण बन्छ । समाज रूपान्तरणको आकाङ्क्षा, राजनीतिक स्थायित्वको चाहना, नेतृत्वप्रति भरोसा, सुशासनको माग, राष्ट्रवाद र समावेशी विकासजस्ता मूल मुद्दाहरू समाजको गहिराइमा रहेर महाधिवेशनको क्षेत्रमा उत्तर खोजिरहेका छन्।

यो लेखमा समाजले ११ औँ महाधिवेशनबाट खोजेको ११ प्रमुख अपेक्षा समग्र राजनीतिक–सामाजिक दृष्टिकोणसहित विस्तृत रूपमा प्रस्तुत गर्ने कोसिस गरेको छु।

१. वैचारिक स्पष्टता र द्वैधता अन्त्यको अपेक्षा

नेपालको वाम राजनीतिमा वैचारिक बहस सदैव जीवित रहन्छ । एमालेले समाजवाद उन्मुख विचारधारालाई आफ्नो आधिकारिक लाइनका रूपमा अँगाले पनि विगतका वर्षहरूमा प्रायोगिक राजनीति, गठबन्धन रणनीति, सत्ता–व्यवहार र पार्टीभित्रको शक्ति संरचनाले वैचारिक अनुशासन कमजोर देखाइएको आलोचना पाइयो।

समाजले ११ औँ महाधिवेशनबाट पहिलो अपेक्षा स्पष्ट वैचारिक अनुशासन हो। समाजवादका लक्ष्य कुँदिने तर पुँजीवादी व्यवहार अपनाउने द्वैधता हटोस्। सिद्धान्त र व्यवहार बिचको दूरी घटोस्।

वर्गीय दृष्टिकोण, उत्पादनमुखी अर्थतन्त्र, श्रमको सम्मान तथा सामाजिक न्यायका मुद्दाहरू कागजमा होइन, कार्य योजनामा देखियोस्।

राजनीतिक रूपान्तरण चाहने युवापुस्ताले ‘विचार परिवर्तन होस्, तर भ्रम नहोस्’ भन्ने सन्देश महाधिवेशनबाट अपेक्षा गरेको छ।

२. सुशासन र भ्रष्टाचारविरुद्ध कडाइ गर्ने प्रतिबद्धता

विगत दशकमा नेपालमा भ्रष्टाचार, कमिसनवाद, प्रशासनिक ढिलासुस्ती, मनोनयन–आधारित राजनीति र व्यक्तिगत स्वार्थले राज्य संयन्त्र कमजोर बनाएको आरोप सबै दलमाथि लागिरहेको छ । एमाले पनि यसबाट अछुतो छैन।

त्यसैले समाजले ११ औँ महाधिवेशनबाट भ्रष्टाचारमा शून्य सहनशीलता,पदाधिकारीहरूको आचारसंहितामा कडाइ,पार्टीभित्र स्वच्छ छवि भएका नेतृत्वको उदय,राज्य संयन्त्रमा पारदर्शिता जस्ता कुराहरूको अपेक्षा समाजले गरेको छ।

जनताले अब भाषण होइन, कार्यगत प्रमाण खोज्ने अवस्था ११ औँ महाधिवेशनसम्म आइपुगेको छ।

३. युवा नेतृत्वको उदय र जेनेरेसन ट्रान्सफरको अपेक्षा

समाजको अर्को ठूलो अपेक्षा छ पार्टीभित्र जेनेरेसन सिफ्ट । दशाब्दीदेखि उही पुस्ताको नेतृत्वमा रहेका दलीय संरचनाले नयाँ पुस्ताको ऊर्जा, दूर दृष्टि र प्रविधि–अनुकूल सोचलाई अझै पूर्ण रूपमा अग्रस्थान दिन सकेको छैन।

संगठनमा ४० वर्षमुनिका नेतृत्व निर्णायक तहमा पुग्ने वातावरण बनोस्, नीति निर्माणमा जेन्जी र मिलेनियलहरूको दृष्टिकोण संयोजन होस्, ‘नेतृत्व हस्तान्तरण’ केवल नारा नभई व्यवहारिक प्रक्रिया बनोस्। ११ औँ महाधिवेशनले समाजलाई उत्तर दिनुपर्ने गम्भीर मुद्दा यही छ—पुस्तान्तरण बिना रूपान्तरण सम्भव छैन।

४. आन्तरिक लोकतन्त्र मजबुत पार्ने अपेक्षा

एमालेजस्तो ठूलो दलमा आन्तरिक लोकतन्त्र, पारदर्शी प्रतिस्पर्धा, छलफल, आलोचना–आत्मालोचना र सामूहिक निर्णयको भूमिका निर्णायक हुन्छ । तर, विगतका वर्षहरूमा शीर्ष नेतृत्व–केन्द्रित संरचना, निर्णयमा कम सहभागिता, पद–प्रभाव र गुटीय राजनीति सक्रिय रहेको आलोचना उठिरहेको छ।

समाजले खोज्यो– आन्तरिक निर्वाचन खुला, स्वतन्त्र र निष्पक्ष होस्,गुटीय राजनीति समाप्त गर्ने संस्थागत उपाय बनोस्, ‘एक व्यक्ति, एक करियर’ जस्ता सुधारहरू लागू होस्,पार्टीभित्र मतभिन्नता शत्रुता होइन, नीतिगत बहसका रूपमा लिन सकियोस्। राजनीतिक दल बलियो नहुँदा लोकतन्त्र पनि कमजोर हुने भएकाले यो अपेक्षा अत्यन्त महत्त्वपूर्ण छ।

५. आर्थिक नीतिमा उत्पादन वृद्धि र रोजगारी सिर्जना

नेपालको अर्थतन्त्र आयात–केन्द्रित, रेमिटेन्स–निर्भर र उत्पादन–क्षेत्र कमजोर भएको आलोचना लामो समयदेखि छ। युवाहरू विदेशिन बाध्य छन्। ग्रामीण अर्थतन्त्र मृत प्राय छ। त्यसैले समाजले महाधिवेशनबाट अपेक्षा ग¥यो—स्वदेशमा रोजगारी सिर्जनाको ठोस योजना उद्योग, कृषि, पर्यटन र ऊर्जामा उत्पादन–केन्द्रित नीति लगानी–मैत्री वातावरण,दिगो पूर्वाधार विकास, राज्य र निजी क्षेत्रबीच साझेदारीको नयाँ मोडेल, जनताले ‘कस्तो सरकार?’ भन्दा पहिले ‘कस्तो अर्थतन्त्र ?’ भन्ने प्रश्न उठाइरहेका छन्।

६. राष्ट्रिय स्वाधीनता र भू–राजनीतिक सन्तुलनमा स्पष्टता

नेपाल दुई ठूला छिमेकीबीच अवस्थित छ, जहाँ भू–राजनीतिक तरंग सधैँ सक्रिय रहन्छ। समाजले अपेक्षा ग¥यो—राष्ट्रिय स्वाधीनताको मुद्दामा दृढ र स्पष्ट लाइन, कुनै पनि शक्तिको प्रभावमा नपर्ने सन्तुलित वैदेशिक नीति, भारत–चीन–अमेरिकासँग सममूल्य सम्बन्ध, आन्तरिक राजनीतिमा बाह्य हस्तक्षेप न्यून पार्ने कूटनीतिक रणनीति।

एमालेले सदैव राष्ट्रवादलाई प्रमुख एजेन्डा बनाएको भए पनि यसको सन्तुलित कार्यान्वयनमा प्रतिबद्धता देखिनुपर्छ भन्ने माग महाधिवेशनले ठूलो रूपमा बोकिरहेको छ।

७. सामाजिक न्याय, समावेशिता र समान अवसर

नेपाल बहु जातीय, बहुभाषिक, बहु सांस्कृतिक देश हो। सामाजिक न्याय, समान अवसर र समावेशी शासन बिना राज्यको स्थायित्व सम्भव छैन।

समाजले खोज्यो— जातीय, क्षेत्रीय, लैंगिक, वर्गीय समानताको सुनिश्चितता,नीति निर्माणमा महिला, दलित, मधेशी, जनजाति, अपांगता भएका नागरिक र पिछडिएका समुदायहरूको बढ्दो भूमिका,समान अवसरको राज्य–व्यवस्था,शिक्षा, स्वास्थ्य, सीप र पहुँचमा समानता । राजनीति केवल नेतृत्व होइन—समान अवसर निर्माण गर्ने संरचना पनि हो।

८. स्थानीय सरकार सुदृढीकरण र विकेन्द्रीकरणमा स्पष्ट नक्सा

संघीयताले स्थानीय तहलाई सबल बनाउन खोज्यो। तर केन्द्र–प्रदेश–स्थानीय शक्ति सम्बन्ध अझै स्पष्ट छैन। विकास–बजेट, प्रशासनिक अधिकार, नीति कार्यान्वयनमा तालमेल कमजोर छ।

समाजले महाधिवेशनबाट अपेक्षा ग¥यो—स्थानीय सरकारलाई अधिकारसहित सक्षम बनाउने नीति, प्रदेश सरकारको भूमिकामा स्पष्टता, विकास समन्वयका एकीकृत मोडेल, जनसेवामा पहुँच–सुधार। नेपाल जस्तो भौगोलिक विविधतायुक्त देशमा विकेन्द्रीकरण सरकारी सेवाको मेरुदण्ड हो।

९. शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षा प्राथमिकतामा आउने नीति

जनताले चाहेको परिवर्तनको मूल जड शिक्षा–स्वास्थ्य हो। शिक्षामा गुणस्तर, सीप–उन्मुखता, प्रविधि उपयोग, स्वास्थ्य सेवामा सहज पहुँच, गरिब, वृद्ध, बालबालिका, अपांगता भएका नागरिक र महिला–केन्द्रित सामाजिक सुरक्षा, दिगो र न्यायपूर्ण कर–व्यवस्था। नेपाली समाजले अपेक्षा ग¥यो–एमालेले महाधिवेशनबाट यस्तो नीति ल्याओस् जसले समानता, पहुँच र गुणस्तर का सबै खाडलहरू मेटोस्।

१०. राजनीतिक स्थिरता र दीर्घकालीन दृष्टिकोण

अस्थिरताले विकास रोकेको सबैले महसुस गरेका छन्। पटक–पटक सरकार परिवर्तन, गठबन्धनको अस्थिर मनोविज्ञान, व्यक्तिगत अहंकार र दलीय टकराबले राज्य–व्यवस्था कमजोर बनाइरहेको छ।

समाजले खोज्यो– दीर्घकालीन नीतिहरूः शिक्षा, कृषि, ऊर्जा, पूर्वाधारमा २०–३० वर्षे नक्सा अन्तर दलीय सहकार्यको संस्कृति,राज्य सञ्चालनमा निरन्तरता,चाँडो निर्णय र द्रुत कार्यान्वयन राजनीतिक स्थिरता केवल सत्ता टिक्ने कुरा होइन–नीति स्थिरता हो। यसको समाधान आजको आवश्यकता हो।

११. विश्वास जगाउने नेतृत्व, उचाइ र चरित्र

राजनीतिक रूपान्तरणको अन्तिम आधार नेतृत्वकै चरित्र हो। समाजले ११ औँ महाधिवेशनबाट अपेक्षा ग¥यो– दूरदृष्टियुक्त नेता, नैतिकता, इमानदारी र जनसेवामा समर्पित चरित्र, क्राइसिस–म्यानेजमेन्ट गर्न सक्ने क्षमता, संवाद, सहमति र सहकार्यमा दक्षता, राष्ट्रिय हितलाई अग्रस्थानमा राख्ने मूल्य–मान्यता। जनताले कहिल्यैभन्दा बढी खोजेको कुरा यही हो—भरोसा दिलाउने नेतृत्व।

निष्कर्षः

नेकपा एमालेको ११ औँ महाधिवेशन केवल पार्टीभित्रको पद–प्रतिस्पर्धा, संरचना विस्तार वा दस्तावेज पारित गर्ने औपचारिक कार्यक्रम मात्र हैन। यो नेपाली समाजले पार्टीमाथि गरेको विश्वास परीक्षण हो। समाजले गरेका ११ अपेक्षा आफ्नो माग स्पष्ट रूपमा राख्ने र पूरा गर्न पहल गर्ने एमालेको ११औँ महाधिवेशनमा आउने सबै प्रतिनिधिको दायित्व र यो समाज प्रतिको बफादारिता हो। यदि एमालेलगायत सबै दलहरूले यी अपेक्षाहरूलाई व्यवहारमा बदल्न सके—नेपालले स्थिरता, समृद्धि र न्याययुक्त समाज निर्माणतर्फ ठूलो कदम चाल्न सक्छ।

यदि पार्टीहरू अझै पुरानै प्रवृत्ति, गुटीय स्वार्थ, अस्थिर गठबन्धन र व्यक्तिगत राजनीतिमा अल्झिरहे—समाजको निराशा झन् गाढा हुनेछ।

यही कारण, ११ औँ महाधिवेशन समाजका लागि केवल ‘पार्टीभित्रको चुनाव’ होइन–देशले खोजेको आशा र उत्तर हो।

(लेखक रिटर्नी फेडेरेसन नेपालका उपाध्यक्ष हुन्।)

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# समानुपातिक निर्वाचन प्रणालीतर्फको कार्यक्रम मङ्सिर २० गतेदेखि



**काठमाडौँ ।**
आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन कार्यक्रम यही मङ्सिर २० गतेदेखि सञ्चालन हुँदैछ ।

आयोगले आइतबारदेखि समानुपातिक निर्वाचन प्रणालीतर्फ निर्वाचन अधिकृतको कार्यालय आयोगको कान्तिपथस्थित कार्यालयमा स्थापना गरेसँगै सो कार्यक्रमका लागि तयारी सुरू गरिएको हो । निर्वाचन आयोगद्वारा स्वीकृत निर्वाचन कार्यक्रम अनुसार मङ्सिर २१ गते बिहान १० बजे २३ गते दिउँसो ४ बजेसम्म सो प्रणालीमा भाग लिन चाहने राजनीतिक दलले निवेदन पेस गर्नेछन् ।

मङ्सिर २४ गते बिहान १० देखि दिउँसो ४ बजेसम्म निवेदन पेस गर्ने राजनीतिक दलको नामावली प्रकाशन गरिने छ । आगामी पुस १३ र १४ गते उम्मेद्वारको बन्दसूची पेस गर्ने र माघ २० गते उम्मेद्वारहरुको बन्द सूची अन्तिम प्रकाशन हुनेछ ।

समानुपातिक निर्वाचन प्रणालीतर्फ निर्वाचन अधिकृतको कार्यालयको कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले उद्घाटन गर्नुभएको थियो । समानुपातिकतर्फको निर्वाचन अधिकृतका रूपमा आयोगका सचिव माहादेव पन्थ र सहायक निर्वाचन अधिकृतका रूपमा सहसचिव यज्ञप्रसाद भट्टराईले जिम्मेवारी बहन गर्नुभएको छ । समानुपातिक निर्वाचन व्यवस्थापनका लागि ४१ कर्मचारी खटिने छन् । कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले सूत्रात्मक पद्धतिबाट राष्ट्रिय तथ्याङ्क कार्यालयसमेतको सहयोगमा कानुन बमोजिमका जातीय, भौगोलिक, लैङ्गिकलगायतका समूह छुट्याएर प्रतिनिधि चयन गरिने भएकोले सबै पक्षको भरोसा रहने विश्वास व्यक्त गरे ।

विद्यमान कानुन अनुसार प्रतिनिधिसभाका २७५ सदस्यको प्रत्यक्ष र समानुपातिक गरी दुई प्रणालीबाट हुनेछ । सभामा १६५ सदस्यको प्रत्यक्ष र बाँकी ११० सदस्यको चयन एक समानुपातिक प्रतिनिधित्वद्वारा गरिनेछ । निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) प्रणालीतर्फ आगामी माघ ६ गते सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा उम्मेद्वारी मनोनयनको कार्यक्रम राखिएको छ ।

आइतबार नै नेपाल सरकारका अर्थमन्त्री रामेश्वरप्रसाद खनाल र कानुनमन्त्री माननीय अनिलकुमार सिन्हाले निर्वाचन आयोगमा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त र आयुक्तहरूसँग निर्वाचन पूर्व तयारीको अवस्था र आगामी दिनमा निर्वाचन सम्पन्न गर्न नेपाल सरकारले आयोगलाई उपलब्ध गराउनुपर्ने सहयोगका विषयमा छलफल गर्नुभएको छ ।रासस

# महाधिवेशनसँगै कांग्रेस चुनावी प्रचारमा जुट्ने

**काठमाडौँ ।**
मुलुकको सबैभन्दा ठूलो प्रजातान्त्रिक दल नेपाली कांग्रेसमा लामो रस्साकस्सीपछि नियमित महाधिवेशनमा जाने सहमति जुटेको छ । कांग्रेस केन्द्रीय कार्यसमितिको सोमबारको बैठकले पार्टीको १५औँ महाधिवेशन आगामी पुस २६ देखि २८ गतेसम्म काठमाडौँमा गर्ने कार्यतालिकासहितको निर्णय गरेको हो । आगामी फागुन २१ गते निर्धारित आमनिर्वाचन अघि वा पछि कहिले महाधिवेशन गर्ने भन्ने विषयमा सोमबारको कांग्रेस बैठकमा सहमति जुटेको हो ।

पार्टीभित्र संस्थापन र इतरपक्षबीच आमनिर्वाचन अगाडि वा पछाडि तथा विशेष र नियमित कुन महाधिवेशन गर्ने भन्ने विषयमा डेढ महिनादेखि बहस जारी थियो । महाविधेशनको तालिकाअनुसार कांग्रेसले क्रियाशील सदस्यता वितरण र वडादेखि जिल्ला तहसम्मका अधिवेशनलाई जनतामाझ पुग्नका लागि अवसरका रुपमासमेत उपयोग गर्ने जनाएको छ ।

पार्टी महामन्त्री विश्वप्रकाश शर्माले लामो प्रयासका बाबजुद सर्वसम्मत रुपमा महाधिवेशनको मिति तोक्न भएको सहमतिबाट पार्टीलाई बदलिएको समयबमोजिमको बनाउने प्रक्रियाको थालनी भएको बताए । उनले भने, 'कांग्रेस अब महाविधेशनसँगै निर्वाचनको कुरालाई पनि सँगै लिएर गाउँ जान्छ, हामी बदलिएर आउँदै छौँ र हामी मत लिनका लागि पनि आउँदै छौँ भन्ने अभियान सँगसँगै सुरु हुन्छ । यो महाधिवेशन मात्रै होइन, अहिलेको जेन्जी आन्दोलनको परिवर्तनप्रति कांग्रेस के भन्न चाहन्छ ?, अहिलेका घटनाक्रमलगायतलाई कसरी बुझ्न चाहन्छ ?, कसरी बुझ्दछ ? र आगामी दिनमा त्यस्तो अवस्था हुन नदिनलाई आफूलाई कसरी नयाँ बनाउन चाहन्छ ? भन्ने सन्देश पनि दिन चाहन्छौँ ।'

महामन्त्री शर्माले कांग्रेसको आगामी महाधिवेशन र निर्वाचनको सँगसँगैको अभियानले मुलुकलाई निर्वाचनमय बनाउने र यसले अन्ततः संविधानलाई ट्र्याकमा ल्याउनलाई निर्वाचनमार्फत ल्याउन बल पुऱ्याउन विश्वास व्यक्त गरे । महाधिवेशनको कार्यतालिकामा रहेको समयको चापलाई मध्यनजर गरी युद्धस्तरमा काम गर्ने उनले बताए । गत भदौ २३ र २४ गतेको जेन्जी आन्दोलनपछि कांग्रेस केन्द्रीय समिति बैठक गत असोज २८ गतेदेखि प्रारम्भ भएको थियो । बैठकमा संस्थापनतिर पक्षधरले विशेष महाधिवेशनका लागि ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिको हस्ताक्षरसहित निवेदन दर्ता गराएको थियो ।

कार्यवाहक सभापति पूर्णबहादुर खड्काको अध्यक्षतामा बसेको बैठकले यही मङ्सिर २३ गते समयावधि सकिन लागेको पार्टीको वर्तमान कार्यसमितिको म्यादसमेत दुई महिना थप गर्ने निर्णय गरेको छ । कांग्रेसको १४औँ महाधिवेशन २०७८ मङ्सिर २४ देखि २८ गतेसम्म काठमाडौँमा भएको थियो । पार्टीको १५औँ महाधिवेशनको कार्यतालिका अनुसार यही मङ्सिर २० गतेभित्र केन्द्रबाट नयाँ क्रियाशील फारम वितरण गरिनेछ । मङ्सिर २४ गतेभित्र प्रतिनिधिसभा क्षेत्रीय समिति हुँदै वडासम्म नयाँ क्रियाशील सदस्यताको फाराम पठाइने पार्टी कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए ।

आगामी पुस १५ गतेभित्र नेपाली जनसम्पर्क समितिको अधिवेशन सम्पन्न गरी पुस १६ गते गाउँ/नगर वडा अधिवेशन, पुस १७ गते गाउँ/नगरपालिका अधिवेशन, पुस १९ गते प्रदेशसभा क्षेत्रीय अधिवेशन, पुस २१ गते प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन÷एक मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन, पुस २२ गते दुई वा दुईभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन, पुस २३ र २४ गते सातै प्रदेश अधिवेशनका गरिने तालिकामा उल्लेख छ ।

कांग्रेसले आगामी माघ ११ गते हुने राष्ट्रियसभा सदस्य निर्वाचन तर्फको उम्मेदवारीका लागि तथा प्रतिनिधिसभा (प्रत्यक्ष र समानुपातिक) सदस्यको निर्वाचन तर्फका लागि प्रक्रिया पुऱ्याई उम्मेदवारको नाम प्रस्ताव र सिफारिस गर्न पार्टीका सम्बन्धित निकायलाई केन्द्रीय कार्यालयमार्फत् स्पष्ट निर्देशनसहितको परिपत्र गर्ने निर्णय गरेको छ । कावा सभापति खड्काले सभापति शेरबहादुर देउवाको निर्देशन र सुझावअनुसार विभिन्न बैठक, छलफल र प्रयत्न पश्चात भएको सहमतिले नै मुलकको अहिले प्रतिकूल अवस्था र पार्टीमाथि देखिएको प्रतिकूल अवस्थामा एकताबद्ध भएर निर्णय गर्न सफल भएको उल्लेख गरे ।

कावा सभापति खड्काले लामो छलफल र बहसपछि महाधिवेशनमा सर्वसम्मति भएको बताउँदै अब सबै मिलेर १५औँ महाधिवेशन सफलतापूर्वक सम्पन्न गर्न र निर्वाचनमा होमिन सबैलाई एकताबद्ध भएर कसरी अगाडि बढान आग्रह गरे ।

उनले भने, 'पार्टीलाई एकताबद्ध बनाएर अघि बढ्न अहिलेको मुलुकको प्रतिकूल अवस्थाको नेतृत्व गर्नसक्ने क्षमता प्रस्तुत गर्नका लागि बैठकमा भएको सहमतिले सकारात्मक सन्देश गएको छ ।

वर्तमान परिस्थितिको सामना गर्न त्यसको नेतृत्व गर्न र सबै राजनीतिक दलहरुसँग संवाद गर्दै अहिलेको महत्वपूर्ण जिम्मेवारीलाई सम्पन्न गर्नका लागि कांग्रेस प्रतिबद्ध छ, पार्टीमा भएको सर्वसम्मतिले कांग्रेस एकढिक्का छ भन्ने सन्देश गएको छ ।'

जेनजी आन्दोलनपछि गत असोज २८ पहिलो पटक बसेको कांग्रेसको बैठकमा सभापति देउवाले स्वास्थ्यको कारणले उपसभापति खड्कालाई कार्यवाहक सभापति तोकेका थिए । गत भदौ २३ र २४ गतेको जेन्जी आन्दोलनका क्रममा सभापति देउवा र उहाँका धर्मपत्नी एवं तत्कालीन परराष्ट्रमन्त्री डा आरजु राणा देउवा आफ्नै निवासमा सङ्घातिक हमलामा परी गम्भीर घाइते भएका थिए ।रासस

# 'देश विकासका लागि श्रमदान अपरिहार्य'

**सुनसरी ।**
देशको दिगो विकासका लागि श्रमदान अपरिहार्य भएको श्रम संस्कृति पार्टीका अध्यक्ष हर्कराज साम्पाङ राईले बताएका छन ।

धरान उपमहानगरका प्रमुख समेत रहेका उनले मंगलवार धरानमा पार्टीको घोषणापत्र तथा एजेन्डा सार्वजनिक गर्दै भने, 'जनतालाई देश र माटोसँग जोड्नु आवश्यक छ । केवल योजनाबद्ध काम र बजेटमा निर्भर रहँदा विकास ढिलो हुन्छ ।

छिटो विकासका लागि श्रमदान अपरिहार्य छ ।'

श्रमदानबाट विकास गर्दा जनता आफैँ संलग्न हुने उनको भनाइ छ । देशको दिगो विकासलाई मध्यनजर गर्दै श्रम संस्कृति पार्टी स्थापना गरिएको उनले स्पष्ट पारे । अध्यक्ष राईले भने, 'पार्टीको उद्देश्य केवल श्रमलाई मूल्याङ्कन गर्नु मात्र नभइ, श्रम गर्ने श्रमिकलाई न्याय दिने प्रयास निरन्तर रहिरहने प्रतिबद्धतासमेत व्यक्त गर्दछु ।'रासस

# एमाले महाधिवेशनः उद्घाटन सत्रमा विदेशी दलका प्रतिनिधि सहभागी नहुने

**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले) को आसन्न ११औँ राष्ट्रिय महाधिवेशनमा विदेशका राजनीतिक दलका प्रतिनिधिहरु सहभागी नहुने भएका छन ।

छोटो समयमा नै महाधिवेशन गर्नुपरेकाले यसपटक विदेशका मैत्री तथा भाइचारा सम्बन्ध भएका राजनीतिक दललाई नबोलाउने निर्णय भएको एमाले उपमहासचिव प्रदीप ज्ञवालीले जानकारी दिए ।

'महाधिवेशनको समय छोटो समयमा नै तोक्यौँ । समय कम भएकाले उनहरुलाई नबोलाउने निर्णय गरेका हौँ,' उनले भने, 'महाधिवेशनको उद्घाटन सत्रमा शुभकामना सन्देशमा भने आउने छ ।'

यसअघि एमालेले चीन, भारत, भियतनामलगायत मैत्री तथा भाइचारा सम्बन्ध भएका करिब ५० राजनीतिक दललाई महाधिवेशनको उद्घाटन सत्रमा अतिथिका रुपमा बोलाउने गरेको थियो । एमाले महाधिवेशन यही मङ्सिर २७ देखि २९ गतेसम्म काठमाडौँमा हुँदैछ ।रासस

# महाधिवेशनका लागि समय कम भयोः नेता कोइराला

**चितवन।**
नेपाली कांग्रेसका नेता डा शशाङ्क कोइरालाले महाधिवेशनका लागि समय कम भएको बताएका छन।

मंगलवार यहाँ पत्रकारहरुसँग कुराकानी गर्दै उनले महाधिवेशन गर्न कम्तीमा तीन महिना समय आवश्यक पर्ने बताए।

कोइरालाले भने, 'समय कम भयो । महाधिवेन पुसमा सम्भव भएन भने निर्वाचनपछि हुन्छ ।' उनले पार्टीले पुसमा गर्ने निर्णय गरेको भए पनि हुन्छ या हुन्न भन्नेमा टुङ्गो नभएको बताए।

यद्दपि सबै महाधिवेशनको तयारीमा जुट्नुपर्ने उनको भनाइ छ । जेन्जीलाई समेत महाधिवेशनमा समेटेर लैजानुपर्ने उनले बताए । महाधिवेशनमा उम्मेद्वारीका सम्बन्धमा उनले भने, 'सभापतिका लागि लड्ने भनेको थिएँ । शेखर दाई हुनुहुन्छ । उहाँ पनि इच्छुक हुनुहुन्छ । कुरा भइरहेको छ । दुईजनामध्ये एक जना लड्छौँ।'रासस

# निर्वाचन बिथोलिन दिँदैनौँः गृहमन्त्री अर्याल

**सुदूरपश्चिम।**
गृहमन्त्री ओमप्रकाश अर्याललले लुटिएका हतियार र भागेका कैदीबन्दीका कारण निर्वाचनलाई बिथोलिन नदिने बताएका छन।

धनगढीमा मंगलवार आयोजित सुदूरपश्चिम प्रदेशस्तरीय सुरक्षा गोष्ठीमा गृहमन्त्री अर्याललले भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका क्रममा लुटिएका हतियार र फरार कैदीबन्दीका विषयमा धेरै अतिरञ्जित गर्न जरुरी नभएको उल्लेख गरे।

जेन्जी आन्दोलनको घटनामा लुटिएका ७२७ थान हतियार फिर्ता भइसकेको र चार हजार ५५२ कैदीबन्दी फिर्ता हुन बाँकी रहेको जानकारी दिँदै उनले फरार बाँकी कैदीबन्दीलाई पक्राउ गर्न 'अप्रेसन' चलाइएको र लुटिएका थप हतियार पनि फिर्ता हुने क्रममा रहेको बताए।

लोकतान्त्रिक पद्धतिमा चुनाव अपरिहार्य रहेको उल्लेख गर्दै उनले भने, 'सरकारले वार्ता, संवाद र छलफललाई प्राथमिकता दिएको छ, कसैलाई पनि काखा र पाखा नगरी सबैका कुरा सुनिरहेका छौँ, सबैका भावना समेट्दै चुनावमा होमिसकेका छौँ।' उनले विधिको शासन, हस्तक्षेप मुक्त प्रशासनसहित सुशासन कायम गरी तोकिएको समयमा निष्पक्ष र धाँधलीरहित निर्वाचन गराउनु सरकारको मुख्य उद्देश्य रहेको स्पष्ट पारे।



गृहमन्त्री अर्याललले कुशासन बेथितिका विरुद्ध जेन्जी युवाहरुले उठाएका माग र भदौ २३ र २४ गतेको घटनापश्चात् गृह प्रशासनले शान्तिसुरक्षा, अपराध नियन्त्रण, सुशासन र सेवा प्रवाहको प्रभावकारितामा निष्ठापूर्वक काम गरिरहेको बताए।

नागरिक र सुरक्षाकर्मी बीचको सम्बन्ध सुदृढ हुँदै गएको बताउँदै उनले भने, 'सुरक्षाकर्मीको मनोबल उच्च भयो भने मात्र नागरिक र राष्ट्रको मनोबल पनि उच्च हुन्छ ।' उनले तोकिएको समयमा निर्वाचनको वातावरण बनाउने काममा प्रदेश सरकारको भूमिका पनि महत्वपूर्ण हुनेमा जोड दिए।

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले निर्वाचनको वातावरण बनाउन प्रदेश सरकार प्रतिबद्ध रहेको बताए। उनले भने, 'निर्वाचनमार्फत देशलाई सही मार्गमा लैजान सकिने भएकाले सबै एकजुट भएर निर्वाचनको वातावरण जरुरी छ।'

आन्तरिक मामिला तथा कानुनमन्त्री हीरा सार्कीले नेपाल सरकारले दलहरुसँग समन्वय गरेर सुरक्षाको उचित वातावरण बनाउनुपर्ने बताए। सुरक्षा गोष्ठी गृह मन्त्रालयका सचिव रामेश्वर दङ्गालको अध्यक्षतामा सुरु भएको छ।

गोष्ठीमा नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका महानिरीक्षक, राष्ट्रिय अनुसन्धान विभाग प्रमुख, नेपाली सेनाका बलाधिकृत, नेपाली सेना सुदूरपश्चिम पृतना हेडक्वाटरका पंतनापति, गृहमन्त्रालयका कर्मचारी, प्रदेशका नौवटै जिल्लाका प्रमुख जिल्ला अधिकारीसहितका सुरक्षा निकायका प्रमुखको सहभागिता छ। गोष्ठीमा प्रदेशस्तरीय सुरक्षा चुनौती लगायतका विषयमा छलफल हुने जनाइएको छ।रासस

# मन्त्रिपरिषद्का निर्णय सार्वजनिक

काठमाडौँ।
सरकारले गत भदौ २३ र २४ गतेको आन्दोलनका क्रममा भएको सार्वजनिक सम्पत्ति, भौतिक संरचना तथा निजी प्रतिष्ठानको क्षतिको मूल्याङ्कन गर्न र सार्वजनिक संरचनाको पुनर्निर्माण योजना तयार गर्न गठित समितिको कार्यावधि ३० दिन थप गर्ने भएको छ।

यही मङ्सिर १५ गतेको मन्त्रिपरिषद्को निर्णयहरू सावर्जनिक गर्दै सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले जेन्जी प्रदर्शनका क्रममा मृत्यु भई सहिद घोषणा भएका व्यक्तिका परिवार (आमा, बुबा, श्रीमान् श्रीमती, अविवाहित छोरा र अविवाहित छोरी) लाई गृह मन्त्रालयले फोटोसहितको परिचयपत्र उपलब्ध गराउने बताए।

त्यसैगरी सरकारले प्रत्येक वर्ष भदौ २३ गतेलाई जेन्जी सहिद दिवसका रूपमा मनाउने निर्णय पनि गरेको छ।

आज आयोजित पत्रकार सम्मेलनमा निर्णयहरू सार्वजनिक गर्दै राष्ट्रिय आर्थिक गणना सञ्चालनसम्बन्धी प्रशासनिक तथा आर्थिक मापदण्ड, २०८२ स्वीकृत गर्ने, अर्थ मन्त्रालयका सचिव (राजस्व) भूपाल बराललाई कर्मचारी सञ्चय कोषको सञ्चालक समितिको अध्यक्ष पदमा नियुक्ति गर्ने जानकारी गराए।

साथै सरकारले २०८२ माघ १ गतेदेखि एकपटकमा पाँच लाख रूपियाँ वा सोभन्दा बढी मूल्यको कुनै सेवा वा वस्तुको खरिद–बिक्री वा अन्य कारोबार गर्दा वित्तीय संस्था वा बैङ्किङ उपकरणमार्फत गर्नुपर्ने गरी नगद कारोबारको सीमा निर्धारण गर्ने निर्णय गरेको छ।

भारतको नयाँ दिल्लीमा २०८२ मङ्सिर २२ गते आयोजना हुने नेपाल–भारतबीच पेट्रोलियम तथा ग्याससम्बन्धी संयुक्त कार्यसमूहको पाचौँ बैठकमा सहसचिव शिवराम पोखरेलको संयोजकत्वमा नेपाली प्रतिनिधिमण्डललाई सहभागी हुन स्वीकृति सरकारले दिने भएको छ।

त्यसैगरी प्रधानन्यायाधीश तथा सर्वोच्च अदालतका न्यायाधीशको पारिश्रमिक, सुविधा र सेवाका अन्य सर्तसम्बन्धी ऐन, २०७४ को अनुसूची–१ र उच्च अदालत तथा जिल्ला अदालतका न्यायाधीशहरूको पारिश्रमिक, सुविधा र सेवाका अन्य सर्तसम्बन्धी ऐन, २०७४ को अनुसूची–१ मा हेरफेर गर्ने निर्णय गरेको छ।

नेपाल विशेष सेवा (बिसौँ संशोधन) नियमावली, २०८२ स्वीकृत गर्ने, श्रीलङ्कामा हालै भीषण वर्षापश्चात् आएको बाढी तथा पहिरोले धनजनको ठूलो क्षति भएको सन्दर्भमा नेपाल सरकारका तर्फबाट श्रीलङ्का सरकारलाई सहायतास्वरूप दुई लाख अमेरिकी डलर उपलब्ध गराउने निर्णय भएको छ ।विश्वविद्यालय अनुदान आयोगको रिक्त सचिव पदमा प्रा ज्ञानबहादुर थापा, गुल्मीलाई नियुक्ति गर्ने, लुम्बिनी विकास परिषद्को सदस्य–सचिव पदमा ई दीपक श्रेष्ठ, गोरखालाई मनोनीत गर्ने, लिखु गाउँपालिका, नुवाकोटको केन्द्र वडा नं ३ भलाद्मीडाँडाबाट परिवर्तन गरी वडा नं ४ गड्खारमा कायम गर्ने निर्णय सार्वजनिक गरिएको छ।

यस्ता छन् अन्य निर्णय

प्रेस काउन्सिल नेपालको अध्यक्ष पदमा डा कुमार शर्मा आचार्य, दाङलाई मनोनयन गर्ने।

विसं २०८२ पुस २ देखि ४ गतेसम्म भारतको नयाँदिल्लीमा आयोजना हुने 'दोस्रो डब्लुएचओ परम्परागत औषधिसम्बन्धी ग्लोबल शिखर सम्मेलन तथा डब्लुएचओ ग्लोबल रणनीति २०२५–२०३४ कार्यान्वयनसम्बन्धी उच्चस्तरीय मन्त्रिस्तरीय संवाद' कार्यक्रममा माननीय स्वास्थ्य तथा जनसङ्ख्यामन्त्रीलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयअन्तर्गतका १५ वटा निकायहरूको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्वस्वीकृति दिने।

त्यसैगरी कार्बन व्यापार नियमावली, २०८२ स्वीकृत गर्ने निर्णय भएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव (कानुन) फणीन्द्र गौतम उमेर हदका कारण मङ्सिर १८ देखि अनिवार्य अवकाश हुनुहुने हुँदा उहाँलाई अवकाशको जानकारी दिने र उहाँले हालसम्म गर्नुभएको योगदानका लागि नेपाल सरकारका तर्फबाट धन्यवाद दिने।

नेपाल प्रशासन सेवा समूहीकरणतर्फको राजपत्राङ्गित विशिष्ट श्रेणीको रिक्त पदमा बैकुण्ठप्रसाद अर्याललाई बढुवा गरी सुदूरपश्चिम प्रदेशको प्रमुख सचिव पदमा पदस्थापन गर्ने।

त्यसैगरी गल्छी–त्रिशूली–मैलुङ–स्याफ्रुबँ◌ेसी–रसुवागढी सडकको स्याफ्रुबँ◌ेसी–रसुवागढी खण्ड चीन सरकारको अनुदान सहयोगमा निर्माण हुनेगरी भएको सम्झौताबमोजिम गल्छी–त्रिशूली–मैलुङ–स्याफ्रुबँ◌ेसी–रसुवागढी सडक योजनाका लागि सडकको 'अलाइनमेन्ट÷रो' तथा नदी किनाराबाट उत्खनन गरिने ढुङ्गा, गिट्टी, बालुवामा लाग्ने दस्तुर छुट दिने र उक्त सडकको कुल लम्बाइको मध्यविन्दुबाट १० किमीभित्र 'टेम्पोररी फेसिलिटी' निर्माण गर्नका लागि लाङ्टाङ राष्ट्रिय निकुञ्ज भित्रको २०००० वर्गमिटर क्षेत्रफल बराबरको जग्गा योजना सम्पन्न नभएसम्मका लागि योजनालाई अस्थायी रूपमा उपयोग गर्न सहमति प्रदान गर्ने।

नेपाली सेनाका तीन जना सहायक रथीको पदावधि थप गर्ने, एक जना महासेनानीको राजीनामा स्वीकृत गर्ने।

शक्ति मिनिरल्स प्रालिलाई चुनढुङ्गा उत्खनन कार्यका लागि पाल्पा जिल्ला माथागढी गाउँपालिका–७ धनुषामा रहेको राष्ट्रिय वनको २१.४१ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने।

त्रिशक्ति होल्डिङ्गस प्रालिलाई चुनढुङ्गा उत्खनन कार्यका लागि चितवन जिल्लाको राप्ती नगरपालिका–१३ मा रहेको राष्ट्रिय वनको २०.१४ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने।

रिद्धि सिद्धि सिमेन्ट लिमिटेडलाई चुनढुङ्गा उत्खनन कार्यका लागि मकवानपुर जिल्ला भीमफेदी गाउँपालिका–७ मा रहेको राष्ट्रिय वनको २१.६३ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने।

बाबा माइन्स एन्ड मिनिरल्स प्रा.लि.लाई चुनढुङ्गा उत्खनन कार्यका लागि मकवानपुर जिल्लाको भीमफेदी गाउँपालिका–५ मा रहेको राष्ट्रिय वनको ४.९९ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने।रासस

# नियमित बजार अनुमगन गर्दै विभाग

**काठमाडौँ ।**
बजार अनुमगन नियमित गरिरहेको वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले सोमबार काठमाडौँ र ललितपुरका विभिन्न नौ वटा उद्योग÷फार्मलाई कारवाही गरेको छ ।

चाडपर्वको समयमा मात्रै बजार अनुमगन गरेको भनी विगतमा आलोचना हुने गरेपछि विभागले पछिल्ला दिनमा देशव्यापी रूपमा स्थानीय प्रशासन, सरोकार भएका निकायको समन्वय र सहभागितामा निरीक्षणलाई तीव्र पारेको हो ।

विभागका अनुसार ललितपुर महानगरपालिका–१५ कुमरीपाटीस्थित युएफओ पाटनलाई २० हजार रुपैयाँ जरिवाना गरिएको छ । त्यस्तै, काठमाडौँ महानगरपालिका–१५ चमतीस्थित रेग्मी व्याग उद्योगलाई २० हजार रुपैयाँ जरिवाना गरिएको विभागले विज्ञप्तिमार्फत जानकारी दिएको छ ।

उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा १५ बमोजिमको कसुरमा ती फार्मलाई कारवाही गरिएको विभागले उल्लेख गरेको छ । सो दफामा बिलबिजक राख्नुपर्ने व्यवस्था छ । पैठारीकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता र बिक्रेताले बिक्री प्रयोजनका लागि खरिद गरेका वस्तु वा सेवाको उत्पादक वा खरिद, बिल वा बिजक आफूसँग राख्नुपर्ने व्यवस्था छ । सो व्यवस्था विपरितको गतिविधि गरेको पाइएकाले योगेन्द्र साडी भण्डारलाई कारवाही गरिएको विभागले जनाएको छ ।

सोही ऐनको दफा ३९ को (१) मा बजार अनुमगन, निरीक्षण, जाँचबुझ वा खानतलासीको क्रममा तत्काल प्राप्त प्रमाणबाट वस्तुको उत्पादक, ढुवानीकर्ता, सञ्चयकर्ता, पैठारीकर्ता, बिक्रेता वा सेवा प्रदायकले कुनै कसुर गरेको पाइएमा पाँच हजार रुपैयाँ देखि २० हजार रुपैयाँ सम्म जरिवाना गर्नसक्ने व्यवस्था छ । सोही प्रावधान बमोजिम उक्त फँर्मलाई कारवाही गरिएको हो ।

मानसरोवर इन्टरप्राइजेज र रविशङ्कर स्टोरलाई व्यवसायसँग सम्बन्धित कागजात लिएर तीन दिनभित्र विभागमा उपस्थित हुन भनिएको छ । विभागले अन्य पाँच वटा फार्मलाई भने सामान्य निर्देशन दिएको छ । रासस

# धान उत्पादनमा वृद्धि



**नवलपरासी ।**
नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरमा धान उत्पादनमा वृद्धि भएको छ।

कृषि विकास कार्यालयका कृषि अर्थ विज्ञ सञ्जय ढकालकाअनुसार यस वर्ष जिल्लामा ७८ हजार ५०६ मेट्रिक टन धान उत्पादन भएको छ । गत आर्थिक वर्षमा नवलपुरमा ७१ हजार १२१ मेट्रिकटन धान उत्पादन भएको थियो।

यस वर्ष सात हजार ३८५ मेट्रिकटन धान उत्पादन वृद्धि भएको कृषि अर्थ विज्ञ ढकालले बताउनुभयो । नवलपुरमा यस वर्ष १८ हजार ६९२ हेक्टर क्षेत्रफलमा धानखेती गरिएको थियो।

गत आर्थिक वर्ष २०८१/८२ मा १८ हजार ७१६ हेक्टर क्षेत्रफलमा धान खेती भएको भए पनि असोजको बाढीका कारण डुबान, प्रतिकुल मौसमका कारण सावा मन्सुली धानमा बाला नलाग्ने समस्या देखिँदा उत्पादन कम भएको थियो।

यसवर्ष आकाशे पानीको भरमा सिँचाइ गरिने ठाउँमा रोपाइँको क्षेत्रफल घटेको भए पनि उत्पादकत्व बढी भएकाले उत्पादन ढकालको भनाइ छ।

गत वर्ष धानको उत्पादकत्व ३ दशमलब ८ मेट्रिक टन प्रति हेक्टर भएकोमा यसवर्ष उत्पादकत्व बढेर ४ दशमलब २ मेट्रिक टन प्रति हेक्टर पुगेको छ।

नवलपुरमा सावित्री, सावा मन्सुली, हर्दिनाथ, राम धान, हाइब्रिड तथा स्थानीय जातका धान लगाउने गरिन्छ । जिल्लामा बर्खे धानसँगै करिब एक हजार २१० हेक्टर क्षेत्रफलमा चैते धानखेतीसमेत हुँदै आएको छ। रासस

# एनपिएलमा जनकपुरको पहिलो जित




काठमाडौँ – साविक च्याम्पियन जनकपुर बोल्ट्सले नेपाल प्रिमियर लिग (एनपिएल) मा लगातार ४ हारको श्रृंखलाको अन्त्य गर्दै पाँचौं खेलमा पहिलो जित निकालेको छ। जितसँगै ‘प्लेअफ’को गणितीय सम्भावनालाई कायम राख्नसमेत सफल भयो।

चितवन राइनोजले दिएको १ सय ७७ रनको लक्ष्य जनकपुरले १५ बल बाँकी हुँदा ४ विकेट गुमाएर पूरा ग¥यो।

जनकपुरको जितमा ओपनर मज सदाकले ६३ रनको इनिङ्स खेल्दा कप्तान अनिल साहले ६१ रनको इनिङ्स खेले। त्यस्तै, जन निकोल लोफ्टाइ इटनले ११ रन बनाउँदा आसिफ शेखले १८ रनको योगदान दिएका थिए।

त्यस्तै, आदित्य महताले ७ बलमा १८ रन बनाउँदै अविजित रहे।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको चितवनले निर्धारित २० ओभरमा ४ विकेट गुमाएर १ सय ७६ रन बनाएको थियो।

चितवनलाई प्रतिस्पर्धात्मक स्कोरमा पु¯याउने क्रममा ओपनर डेविड मलानले ८० रन र अर्का ओपनर अर्जुन साउँदले ५२ रनको अर्धशतकीय इनिङ्स खेलेका थिए।

यी दुईबीच पहिलो विकेटका लागि १ सय १२ रनको साझेदारी भएको थियो।

मध्यक्रममा ब्याटिङका लागि आएका कप्तान कुशल मल्लले १४ बलमा ३० रनको अर्धशतकीय अविजित इनिङ्स खेले।

जनकपुरका लागि मज सदाक, अनिल साहा, रुपेश सिंह र जन निकोल लोफ्टाइ इटोनले १–१ विकेट लिएका थिए।

# विदेशमा रहेका नेपालीले तीन महिनामा पाँच खर्ब ५३ अर्ब पठाए




**काठमाडौँ।**
चालु आर्थिक वर्षको पहिलो तीन महिनामा विप्रेषण आप्रवाहमा ३५ दशमलव चार प्रतिशतले वृद्धि भएको छ। नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको विवरणअनुसार सो अवधिमा पाँच खर्ब ५३ अर्ब ३१ करोड रुपैयाँ बराबरको विप्रेषण स्वदेश भित्रिएको छ।

अघिल्लो वर्षको सोही अवधिमा यस्तो आप्रवाह ११ दशमलव नौ प्रतिशतले वृद्धि भई चार खर्ब आठ अर्ब ७७ करोड रुपैयाँ रहेको थियो।

चालु आवको पहिलो महिना अर्थात् गत साउनमा विप्रेषण आप्रवाह २९ दशमलव नौ प्रतिशतले वृद्धि भई एक खर्ब ७७ अर्ब ४१ करोड रुपैयाँ बराबर पुगेको थियो।

यस्तै, गत भदौ महिनामा विप्रेषण आप्रवाह ३३ दशमलव एक प्रतिशतले वृद्धि भई तीन खर्ब ५२ अर्ब आठ करोड रुपैयाँ पुगेको थियो।

चालु आवको पहिलो त्रैमासमा चालु खाता दुई खर्ब ३७ अर्ब ५९ करोड रुपैयाँ र शोधनान्तर दुई खर्ब ६४ अर्ब तीन करोड रुपैयाँले बचतमा रहेको छ । अघिल्लो आवको सोही अवधिमा चालु खाता एक खर्ब १५ अर्ब ३६ करोड रुपैयाँ र शोधनान्तर एक खर्ब ८४ अर्ब ९९ करोड रुपैयाँले बचतमा थियो।

यसैगरी, चालु आवको पहिलो तीन महिनामा कूल वस्तु निर्यात ८९ दशमलव छ प्रतिशतले वृद्धि भई ७२ अर्ब ७८ करोड रुपैयाँ कायम भएको छ । सो अवधिमा वस्तु आयात १९ दशमलव आठ प्रतिशतले बृद्धि भई चार खर्ब ६८ अर्ब आठ करोड रुपैयाँ कायम भएको छ। समीक्षा अवधिमा कूःल वस्तु व्यापार घाटा १२ दशमलव दुई प्रतिशतले वृद्धि भई तीन खर्ब ९५ अर्ब ३० करोड रुपैयाँ पुगेको छ।रासस

# वडास्तरबाटै आयोजना सम्झौता भएपछि समय र खर्चको बचत

**म्याग्दी ।**
भौगोलिक रूपमा विकट र दुर्गम क्षेत्रमा अवस्थित म्याग्दीको धवलागिरि गाउँपालिकाले वडामस्तरबाटे आयोजना सम्झौता गर्न थालेपछि उपभोक्ता समितिका पदाधिकारी र सदस्यको झन्झट हट्नुका साथै समय र खर्चको बचत भएको छ ।

घुम्ती शिविर आयोजना गरेर गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारीले वडा कार्यालयमा पुगेर उपभोक्ता समितिसँग आयोजना सम्झौता गर्न थालेका हुन् । धवलागिरि–४ मुदीमा सोमबार भएको घुम्ती शिविरमा १३ वटा उपभोक्ता समितिसँग आयोजना सम्झौता भएको गाउँपालिका कार्यालयले जनाएको छ ।

गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले दुर्गम गाउँबस्तीका बासिन्दालाई सिंहदरबार गाउँमा आएको महसुस गराउन वडामै पुगेर आयोजना सम्झौता गरिएको बताए । ‘गाउँपालिकामा पुगेका उपभोक्ता समितिका पदाधिकारीहरू वडाको सिफारिसमा कुनै त्रुटि भए सच्याउन र अपुग कागजातका लागि पुनःवडामा फर्कनुपर्दा दुःख हुने भएकाले हामी आयोजना सम्झौताका लागि घुम्ती शिविर लिएर वडा कार्यालयमा पुगेका छौँ’, उनले भने, ‘यसरी वडामै सम्झौता गर्दा उपभोक्तालाई झन्झट हटेको छ ।’चालु आवका लागि बजेट विनियोजन भएका आयोजनाको प्राविधिक टोलीले सर्वेक्षण, लागत अनुमान र नक्सा तयार पारेर उपभोक्ता समिति गठन गरेपछि घुम्ती शिविरमार्फत सम्झौताको व्यवस्था मिलाइएको धवलागिरि–४ का वडाध्यक्ष यामबहादुर घर्तीले बताए । मुदीमा चावका १६ मध्ये १३ वटाको समिति गठन र सम्झौता गरी कार्यान्वयन प्रक्रिया थालिएको उनले जानकारी दिए ।

आयोजना सम्झौताका लागि प्रमुख प्रशासकीय अधिकृत, योजना अधिकृत, प्रशासन र प्राविधिक शाखाका प्रमुखसहितको टोली वडामा पुगेको छ । चालु आवमा उपभोक्ता समितिमार्फत कार्यान्वयन हुने आयोजनाको यही मङ्सिरभित्र सम्झौता गरी चैतसम्म अन्तिम किस्ता भुक्तानी गर्ने लक्ष्य राखिएको प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद शर्माले उल्लेख गरे ।

गाउँपालिकाले स्थानीय कार्यालयमा पुगेर आयोजना सम्झौता गर्न अपायकपर्ने मुदीका साथै मुनासहित ताकम, मराङ र मल्कवाङमा पनि घुम्ती शिविर आयोजना गर्ने तयारी गरेको उनले बताए । उनका अनुसार १० लाख रुपैयाँ भन्दा बढी बजेटका आयोजना ठेक्कामार्फत र १० लाख रुपैयाँ भन्दा कम बजेटका आयोजना उपभोक्ता समितिमार्फत कार्यान्वयन गरिने छ ।

धवलागिरि गाउँपालिकाले चालु आवमा करिब १५० वटा आयोजना छनोट गरेको छ । सातवटै वडा कार्यालयमा खटिएका प्राविधिकले आयोजनाको सर्वेक्षण, लागत अनुमान र डिजाइन तयार पारेपछि जनप्रतिनिधिले उपभोक्ता समिति गठन गरेर सम्झौताको तयारी गरेका छन् ।

वडा कार्यालयमै आयोजना सम्झौता भएपछि गाउँपालिका जान र आउन हुने समय तथा खर्चको बचत हुनुका साथै अन्य झन्झट हटेको धवलागिरि–४ को बगर–जेल्तुङ खानेपानी मर्मत आयोजनाको उपभोक्ता समितिका अध्यक्ष यमप्रसाद घर्तीले बताए ।रासस

# चीनद्वारा व्यावसायिक अन्तरिक्ष अनुगमनका लागि नयाँ विभाग गठन

चीन राष्ट्रिय अन्तरिक्ष प्रशासनले देशमा तीव्र गतिमा विस्तार भइरहेको व्यावसायिक अन्तरिक्ष क्षेत्रको समन्वय र नियमनका लागि नयाँ विभाग स्थापना गरेको जनाएको छ।

नयाँ विभागको स्थापना व्यावसायिक अन्तरिक्ष उद्योगका लागि विशेष नियमन व्यवस्था तयार गर्ने महत्वपूर्ण कदम भएको प्रशासनले जनाएको छ । यसले उच्च गुणस्तरको विकासलाई निरन्तर अघि बढाउने र सम्पूर्ण उद्योग शृङ्खलालाई लाभ पु¥याउने विश्वास गरिएको छ।

हालका वर्षहरूमा सहायक नीति, प्रविधि उपलब्धि र बजारको मागका कारण चीनको व्यावसायिक अन्तरिक्ष क्षेत्रमा ऐतिहासिक प्रगति भएको छ । उद्योग शृङ्खलाभित्रको सहकार्यपूर्ण नवप्रयोगले यस्तो प्रगति सम्भव भएको बताइन्छ।

प्रशासनका एक अधिकारीका अनुसार चीनमा व्यावसायिक अन्तरिक्षसँग सम्बन्धित उद्यमहरूको संख्या हाल छ सयभन्दा बढी पुगेको छ । सुरक्षालाई सुनिश्चित गर्दै विकासको सम्भावना क्रमशः खुल्दै गएको छ।

प्रशासनले हालै २०२५ देखि २०२७ सालसम्मका लागि व्यावसायिक अन्तरिक्ष क्षेत्रको उच्च गुणस्तरीय र सुरक्षित विकास प्रवर्द्धन गर्ने कार्ययोजना सार्वजनिक गरेको छ। उक्त योजनाले व्यावसायिक अन्तरिक्ष गतिविधिलाई राष्ट्रको समग्र अन्तरिक्ष विकास संरचनासँग जोड्ने लक्ष्य राखेको छ।एजेन्सी

# नेप्से परिसूचकमा झिनो गिरावट

**काठमाडौँ ।**
नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा झिनो अङ्कको गिरावट देखिएको छ । मंगलवार नेप्से परिसूचक शून्य दशमलव ५३ अङ्कले घटेर दुई हजार ६४४ दशमलव ७० को विन्दुमा कायम भएको हो ।

आज ३२४ कम्पनीको एक करोड आठ लाख १० हजार १०६ कित्ता शेयर ५६ हजार नौपटक खरिदबिक्री हुँदा चार अर्ब ४८ करोड १३ लाख ९४ हजार १४९ रुपैयाँ बराबरको कारोबार भएको छ । आजको कारोबारमा बैङ्किङ शून्य दशमलव ५८, होटल तथा पर्यटन शून्य दशमलव ६२, लगानी शून्य दशमलव ०४, जीवन बिमा शून्य दशमलव ५७ र लघुवित्त समूह शून्य दशमलव ०६ प्रतिशतले घटेको छ ।

अरू सबै समूहको उपसूचक बढेको छ । विकास बैङ्क शून्य दशमलव १७, वित्त शून्य दशमलव २७, जलविद्युत् शून्य दशमलव ७०, उत्पादन तथा प्रशोधन शून्य दशमलव ५१, म्युचुअल फन्ड शून्य दशमलव २५, निर्जीवन बिमा शून्य दशमलव २६ र व्यापार समूहको उपसूचक शून्य दशमलव ७५ प्रतिशतले बढेको छ ।

आजको कारोबारमा ६ कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सागर डिस्टिलरी लिमिटेड, स्वस्तिक लघुवित्त वित्तीय संस्था लिमिटेड, झापा इनर्जी लिमिटेड, मबिलुङ इनर्जी लिमिटेड, बुँगल हाइड्रो लिमिटेड र श्रीनगर एग्रिटेक इन्ड्रस्टिज लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको हो । सबैभन्दा धेरै गुमाउनेमा भने ग्रिन भेन्चर्स लिमिटेडको शेयर मूल्य नौ दशमलव ८५ प्रतिशतले घटेको छ ।

कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याका आधारमा आज सबैभन्दा धेरै युनियन हाइड्रोपावर लिमिटेडको आज रु ३१ करोड ८१ लाख ३५ हजार ४७९ बराबरको छ लाख ३४ हजार ३१९ कित्ता शेयर किनबेच भएको छ ।रासस

# पर्यटकको आकर्षक केन्द्र बन्दै तालतलैया



**सुनसरी।**
सुनसरीको इटहरी उपमहानगरपालिका–२ र ३ मा रहेको तालतलैया अहिले पर्यटकको आकर्षक केन्द्रका रूपमा विस्तार हुँदै गएको छ। करिब २१ दशमलव पाँच हेक्टर क्षेत्रफलमा फैलिएको तालतलैया विशेषगरी वनभोज स्थलका रूपमा लोकप्रिय बनेको हो।

मुख्य वनभोजको मौसममा दैनिक १२ देखि १५ हजार आन्तरिक तथा बाह्य पर्यटक तालतलैया आउने गरेका तालतलैया व्यवस्थापन समितिका अध्यक्ष गङ्गाबहादुर रायमाझीले जानकारी दिए। उनका अनुसार दिनमा ५०० भन्दाबढी पर्यटक घुमघामका लागि आउने गरेका छन्। वनभोजका लागि यहाँ एकैपटक ७० भन्दाबढी समूहले वनभोज खानसक्ने क्षमता रहेकाले वनभोजमा आउनेले दुई–चार दिन अगाडि बुकिङ गराउनुपर्ने उनले बताए।

पर्यटकको आकर्षणलाई ध्यानमा राखी तालतलैया परिसरभित्र छ वटा पोखरी निर्माण गरिएको छ। साथै, पर्यटकको थप सुविधाका लागि दुई वटा मोटरबोट सञ्चालनमा ल्याइएको व्यवस्थापन समितिले जनाएको छ।

मङ्सिरदेखि माघसम्म पर्यटकको चाप अत्यधिक हुने गरेको अध्यक्ष रायमाझीले बताए। उनका अनुसार करिब ४० प्रतिशत पर्यटक भारतका विभिन्न सहर तथा सिरहा, सप्तरी क्षेत्रबाट आउने गरेका छन्। उनले भने, 'यहाँ आउने पर्यटकका लागि अर्को आकर्षण चिडियाखाना हो, जहाँ दुम्सी, मयुँर, गिद्ध, चित्तल, हाँस, घोडा, बाँदरलगायत विभिन्न वन्यजन्तु छन्, यिनै अवलोकन गर्न पर्यटकको सङ्ख्या यो समय बढ्दो छ।'

आर्थिक वर्ष २०८१÷८२ मा सहरी विकास मन्त्रालयबाट विनियोजन भएको ८५ लाख रुपैयाँ बजेटले तालतलैयाभित्र पर्यटकीय संरचना थप निर्माण गरिएको अध्यक्ष रायमाझीले जानकारी दिए। उक्त बजेटबाट शौचालय, चिडियाखानाका थप संरचना, तथा अन्य पर्यटकमैत्री सुविधा निर्माण गरिएको छ। तालतलैयाभित्र नर्सरी, वाटरफाउन्टेन, बालबालिकाका लागि चिल्ड्रेन पार्क निर्माण गरिएको जनाउँदै उनले स्कुल बिदाका समयमा अभिभावकले बालबालिकालाई खेलाउन ल्याउनेको सङ्ख्या उल्लेख्य रहेको बताए।

स्थानीय व्यापारी चन्द्रकला श्रेष्ठले भनिन, 'घर नजिकै पर्यटकीयस्थल रहेकाले साना व्यापारीलाई ठूलो फाइदा पुगेको छ।' दैनिक रूपमा ५०० सम्म आन्तरिक तथा बाह्य पर्यटक आउने गरेकाले चटपटे, मःम, चाउमिनलगायत परिकार बढी बिक्री हुने भन्दै उनले व्यापार वृद्धि हुँदा आयस्तर सुधार भएको बताईन।

मोरङको कानेपोखरीबाट साथीसहित घुम्न आउनुभएका निरोज थापाले तालतलैया छुट्टीको उपयुक्त गन्तव्य भएको बताए। उनले भने, 'यहाँ फराकिलो खुला क्षेत्र, बोटिङ, आकर्षक फोटो स्पट, संरचना र फूलबारी भएकाले हामी छुट्टीको समयमा प्रायः यहाँ घुम्न आउने गर्छौं।'

पूर्वक्षेत्रका प्रमुख मनोरञ्जन र वनभोज गन्तव्यमध्ये एकका रूपमा विकसित हुँदै गएको तालतलैया स्थानीय पर्यटन प्रवद्र्धनमा महत्वपूर्ण योगदान पु¥याइरहेको छ। यहाँ रहेका विभिन्न संरचनाको जीर्णोद्धार, जनावरको बासस्थान संरक्षण र पर्यटकीय पूर्वाधार निर्माण तथा प्रवद्र्धनका लागि प्रदेश र सङ्घीय सरकारबाट सहयोग प्राप्त भइरहेको अध्यक्ष रायमाझीले बताए। तालतलैयाभित्र अहिले घुम्न आउने पर्यटक विश्राम गर्न दर्जनौं चौतारा, बगैँचा साथै अवलोकनका लागि विभिन्न प्रकारका मूर्तिसमेत सरकारी सहयोगमा निर्माण गरिएको कार्यसमितिले जनाएको छ।रासस

# इनरुवा–३ का मतदाता भन्छनः 'विकास पहिलो प्राथमिकतामा हुनुपर्छ'



**सुनसरी।**
सरकारले फागुन २१ गतेलाई प्रतिनिधिसभा सदस्यका लागि निर्वाचनको मिति घोषणा गरेको छ। निर्वाचनका लागि सरकारीले सम्पूर्ण तयारी गरिरहेको छ भने सुरक्षाकर्मीसमेत परिचालन गरेको छ।

निर्वाचनका लागि राष्ट्रपतिले सेना परिचानका लागि स्वीकृति प्रदान गरेको छ। निर्वाचनलाई लक्षित गरेर विभिन्न राजनीतिक दल आन्तरिक तयारीमा जुटेका छन् भने सुनसरीको विभिन्न ठाउँमा उम्मेदवारको चर्चासमेत सुुरु भएको छ।

आगामी फागुन २१ गतेलाई घोषणा गरेको निर्वाचनमा मतदान गर्न सुनसरी क्षेत्र नं ४ मा पर्ने इनरुवा नगरपालिका–३ का मतदाताले आफूहरू मतदान प्रतिक्रियामा सहभागी हुन प्रतिक्षारत रहेको प्रतिक्रिया दिनएका छन्।

आफूहरू मतदान गर्न आतुर भए पनि मतदाताको पहिलो प्राथमिकतामा विकास निर्माण र मुलुकको समृद्धि भएकाले निर्वाचित व्यक्तिले जनचाहना अनुसार कामलाई केन्द्रमा राख्नुपर्नेमा स्थानीय मुसनी सदाले जोड दिए। आगामी फागुन २१ गतेको निर्वाचन प्रक्रियामा सक्रियताका साथ सहभागी हुने जनाउँदै उहाँले आफूहरूको पहिलो प्राथमिकता र माग विकास निर्माण रहेको उनले बताए।

इनरुवा–३ स्थित सदा बस्तीका स्थानीयले अहिले दूषित पानी उपभोग गर्नुका साथै सडक, सडक बत्ति, सार्वजनिक शौचालयलगायत समस्या झेल्दै आएकाले ती समस्या समाधान गरी स्थानीयको जीवन सहज बनाउनेतर्फ केन्द्रित व्यक्तिलाई मतदान गर्ने स्थानीय खट्टर सदाले बताए।

इनरुवा नगरपालिका खुला दिसामुक्त क्षेत्र घोषणा भए पनि अहिलेसम्म सदा बस्तीका बालबालिका खुला स्थानमा दिसापिसाब गर्न बाध्य रहेका स्थानीयले बताएका छन्। निर्वाचनका बेलामा खुट्टा ढोग्दै मत माग्न आउने नेता विजयी भएपछि नफर्किने भएकाले यो पटक निर्वाचनका बेला गरिएका प्रतिबद्धता कार्यान्वयन गर्ने व्यक्ति छनोट गर्ने उनले उल्लेख गरे।

विपन्न सदा समुदायका नाममा राजनीति गर्ने, चुनावी एजेण्डा बनाएर विजयी भएपछि सो समुदायका नागरिकको खबरसमेत लिन कोही नफर्किएका स्थानीयले बताएका छन्।

'स्थानीय तहको निर्वाचनमा नेपाली कांग्रेसका उम्मेदवार केदार भण्डारी निर्वाचित हुनुभएको हो। त्यसयता उनि फर्किएर आउनुभएको छैन', इनरुवा–३ का विजय सदाले भने। यस पटकको निर्वाचनमा सबैले मुलुक र नागरिकको हितमा काम गर्ने व्यक्ति छनोट गर्नुपर्नेमा उनले बताए।रासस

# नारखोला जलविद्युत् आयोजनामा पाँच बैंकको नौ अर्ब ६३ करोड लगानी

**काठमाडौँ,**
मनाङमा आयोजनास्थल रहेको नारखोला जलविद्युत् आयोजनाको वित्तीय व्यवस्थापन भएको छ। कूल ६१ मेगावाट क्षमताको सो आयोजनामा कुमारी बैंकको अगुवाइमा विभिन्न पाँच वटा बैंकले लगानी गर्न लागेका हुन्। आयोजनामा बैंकले नौ अर्ब ६३ करोड रुपैयाँ बराबरको ऋण लगानी गर्न लागेका छन्। नारखोला हाइड्रो इनर्जीका अध्यक्ष बटु लामिछाने र कुमारी बैंकका प्रमुख कर्जा अधिकृत अर्पण पोखरेलले संयुक्त रूपमा लगानी सम्झौतामा हस्ताक्षर गरेका हुन।



हिमाली जिल्ला मनाङस्थित नार्पा भूमि र नासोङ गाउँपालिकामा रहेको नारखोला र सोतीखोलाको पानीलाई एकीकृत गरी ६१ दशमलव ११ मेगावाट बिजुली उत्पादन गरिनेछ।

आयोजनाको निर्माणका लागि सबै प्रक्रिया पूरा भइसकेको अध्यक्ष लामिछानेले जानकारी दिए। नेपाल विद्युत् प्राधिकरणसँग यसअघि विद्युत् खरिद सम्झौता भइसकेको सो आयोजनामा कुमारी बैंकको अगुवाइमा नेपाल एसबिआई बैंक, कृषि विकास बैंक, एनआइसी एसिया बैंक र मुक्तिनाथ विकास बैंकले लगानी गर्नेगरी सोमबार लगानीसम्बन्धी सम्झौतामा हस्ताक्षर भएको हो।

नारखोला जलविद्युत् आयोजनाको ग्रसहेड ५८८ दशमलव ८२ मिटर रहनेछ भने आयोजनाबाट वार्षिक ३६६ दशमलव ४८ गिगावाट घण्टा ऊर्जा उत्पादन हुनेछ। आयोजनाले वार्षिक दुई अर्ब १० करोड रुपैयाँ बराबरको बाँधका संरचना नार्पा भूमि गाउँपालिकामा र विद्युतगृह नासो गाउँपालिकामा निर्माण हुनेछन्। आयोजनाबाट उत्पादित विद्युत् नेपाल विद्युत् प्राधिकरणको मनाङस्थित धारापानीमा निर्माणाधीन सवस्टेसनमा जोडिने छ।

आयोजनाको कूल लागत १२ अर्ब ८४ करोड रुपैयाँ रहेकामा बैंकले नौ अर्ब ६३ करोड रुपैयाँ लगानी गर्नेछन्। यस्तै, लगानीकर्ताले स्वपुँजीका रूपमा तीन अर्ब २१ करोड रुपैयाँ लगानी गर्नेछन्। स्वपुँजीमा सिँगटी हाइड्रो इनर्जी लिमिटेडको मुख्य लगानी रहने कम्पनीले जनाएको छ।

आयोजनाले पहुँचमार्ग निर्माण सुरु गरिसकेकाले आगामी तीन महिनाभित्र मुख्य संरचना निर्माण सुरु गरी तीन वर्षभित्र सम्पूर्ण पूर्वाधार निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको कम्पनीले जनाएको छ।रासस

# लैङ्गिक हिंसा र विद्युतीय अपराध नियन्त्रणका लागि अभियान सुरु

**भोजपुर।**
भोजपुरको पौवादुङमा गाउँपालिकाले लैङ्गिक हिंसा र विद्युतीय अपराध (साइबर क्राइम) सम्बन्धी सचेतना फैलाउने अभियान सुरु गरेको छ। गाउँपालिकाभित्रका छ वटा माध्यमिक विद्यालयलाई लक्षित गरी यो अभियान सञ्चालन गरिएको हो।

'प्रविधिको सही प्रयोग गरौँ, लैङ्गिक हिंसा अन्त्य गरौँ' भन्ने नाराका साथ अभियान सुरु गरिएको पौवादुङमा गाउँपालिकाका उपाध्यक्ष ज्योत्सना राईले बताईन। लैङ्गिक हिंसाविरुद्ध १६ दिने अभियानमार्फत गाउँपालिकामा सचेतनाका कार्यक्रम सुरु भएको उनको भनाइ छ।

विद्यालयस्तरमा सचेतना अभिवृद्धि गराउने उद्देश्यले यहाँका सबै माध्यमिक विद्यालयमा कार्यक्रम सञ्चालन भइरहेको उनले जानकारी दिईन। 'हामीले माध्यमिक विद्यालयका विद्यार्थीलाई लक्षित गरेर लैङ्गिक हिंसा तथा विद्युतीय अपराधबारे जानकारी दिइरहेका छौँ', उपाध्यक्ष राईले भनिन, 'अभियानमार्फत कुनै पनि किसिमको हिंसालाई रोकथाम गर्ने र विद्यार्थीलाई सुरक्षित बनाउनेतर्फ सहयोग पुग्ने अपेक्षा राखिएको छ।'

अभियानमार्फत विद्यार्थीलाई लैङ्गिक हिंसाका रूप र प्रभाव, विद्यालय तथा समुदायमा देखिने सुक्ष्म हिंसाका अवस्था, अनलाइन ठगी, 'फेकआइडी' र 'ब्ल्याकमेलिङ'लगायत विद्युतीय अपराधका जोखिम, सामाजिक सञ्जालको सुरक्षित प्रयोग र कानुनी व्यवस्थालगायत विषयमा जानकारी दिने काम भइरहेको गाउँपालिकाका अध्यक्ष किरण राईले जानकारी दिए।

स्थानीय सबै विद्यालयमा चरणबद्ध रूपमा अभियान सञ्चालन भइरहेकाले विद्यार्थीस्तरमै सचेतनाको दायरा बढ्ने र भविष्यमा हुने सम्भावित हिंसात्मक घटना न्यूनीकरणमा सहयोग पुग्ने प्रमुख प्रशासकीय अधिकृत नवीन भट्टराईले विश्वास व्यक्त गरे।

विद्यार्थीका माध्यमबाट सबै परिवारसम्म विभिन्न किसिमका हिंसासम्बन्धी सचेतना पुगोस् भन्ने लक्ष्यले अभियानका रूपमा कार्यक्रम सञ्चालन भइरहेको उनको भनाइ छ।रासस

# कालीकोटमा विषयगत शिक्षक पाउन कठिन

**कालीकोट।**
कालीकोटका सामुदायिक विद्यालयमा विषयगत शिक्षक पाउन कठिन हुने गरेको छ। सामुदायिक विद्यालयमा गणित, विज्ञान र अङ्ग्रेजी विषयका शिक्षक पाउन कठिन हुने गरेको हो। जिल्लाको नरहरिनाथ गाउँपालिका–७ माल्कोट उच्छवस्थित रुपादेवी माध्यमिक विद्यालयमा गणित विषय शिक्षकका लागि १९ पटक विज्ञापन गरिसक्दा पनि शिक्षक पाउन सकिएको छैन। दुर्गममा पर्ने यो विद्यालयले सङ्घीय अनुदान कोटामा गत वर्ष प्राप्त गणित विषयको दरबन्दीमा शिक्षक नपाएपछि १९औँ पटकको विज्ञापन गरेको हो। वैशाखयता १५÷१५ दिनको फरकमा १८औँ पटक विज्ञापन गर्दा पनि दर्खास्त नपरेको विद्यालयका प्रधानाध्यापक दानबहादुर बुढाले बताए। 'गणित विषयको शिक्षक पाउनै कठिन भएको छ', उनले भने, 'शिक्षक अनुमतिपत्र लिएको व्यक्ति आवश्यक हुन्छ। अहिलेसम्म पनि कसैको दर्खास्त परेको छैन।'

गत कात्तिक ३० गते विद्यालयले १९औँ पटक आवेदन आह्वान गरेको थियो तर अध्यापन अनुमतिपत्र (लाइसेन्स) भएको शिक्षक हालसम्म नपाइएको प्रधानाध्यापकले जानकारी दिए। 'अहिले पनि दर्खास्त नपरे पुनःविज्ञापन गर्नुपर्ने हुन्छ', उनले भने, 'सोमबार अन्तिम दिन हो, आवेदन भने परेको छैन।'

स्थानीयले मानापाथी उठाएर २०३५ सालमा स्थापना गरेको रूपादेवी विद्यालयमा बालविकासदेखि १० कक्षासम्म ३७५ जना विद्यार्थी अध्ययनरत छन्। तीन जना प्राथमिक विद्यालयमा स्थायी दरबन्दी भएको विद्यालयमा पालिका अनुदान, निजी स्रोत गरी १३ जना शिक्षक कार्यरत छन्।

त्यस्तै, जिल्लाको शुभकालिका गाउँपालिका–५ का माध्यमिक विद्यालयमा दरबन्दी शून्य छन्। दाहाल मावि सुकाटिया र वडा नं १ को जनता माध्यमिक विद्यालय छातीले पनि सङ्घीय अनुदानको विज्ञान, गणित र अङ्ग्रजी विषयका शिक्षक नपाएको गाउँपालिकाका शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख नवराज आचार्यले बताए।

'स्थायी दरबन्दी नभएका १२ वटा माध्यमिक विद्यालयलाई अङ्ग्रेजी, गणित र विज्ञान विषयका प्रतिविद्यालय तीन जना शिक्षकका लागि सङ्घीय अनुदानको आएको छ', उनले भने, 'प्रतिव्यक्ति ४३ हजार ६८९ रुपैयाँ तलव दिने सरकारी नीति छ। तर, यहाँ शिक्षक पाउन कठिन छ।'

पलाता गाउँपालिकाले गत वर्ष अंग्रेजी, गणित र विज्ञान विषयका शिक्षक व्यवस्थापन गर्न संघीय अनुदानको बजेटबाट आफै विज्ञापन गरे पनि दर्खास्त नपरेको शिक्षा विकास तथा समन्वय एकाइ कालीकोटका प्रमुख हर्षप्रसाद चौलागाईले बताए। उनका अनुसार विषयगत शिक्षक नपाउनु कालीकोटका नौवटै स्थानीय तहको साझा समस्या हो।रासस

# मुस्ताङमा चिसो बढेसँगै बालबालिकामा निमोनियाको समस्या बढ्यो

**मुस्ताङ।**
हिउँदयामको अत्यधिक चिसो बढेसँगै मुस्ताङका बालबालिका रुघाखोकी, निमोनियालगायत समस्याबाट प्रभावित बनेका छन्। चिसोले यहाँका बालबालिका तथा ज्येष्ठ नागरिकको स्वास्थ्यमा प्रतिकूल असर पु¥याएको पाइएको छ।

प्रादेशिक अस्पताल जोमसोममा पछिल्लो समय चिसोका कारण रुघाखोकी, निमोनियालगायत समस्याका बिरामी भर्ना हुने क्रम बढेको अस्पतालले जनाएको छ। हिउँदयाममा चिसोबाट जोगिन विशेष सावधानीका उपाय अपनाउन नसक्दा सबैभन्दा बढी बालबालिका प्रभावित हुने गरेका अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा समीक्षा कँडेलले बताए। उनका अनुसार अस्पतालमा भर्ना भएर सेवा लिनेमध्ये ८० प्रतिशतभन्दा बढी बालबालिका छन्।

अस्पतालबाट चालु आवको साउनमा ७४९, भदौमा ६०९, असोजमा ५७० र कात्तिकमा ४८८ जनाले बहिरङ्ग (ओपिडी) सेवा लिएका छन्।

साउनमा १८, भदौमा ३७, असोजमा ३७ र कात्तिकमा ४८ जनाले अस्पताल भर्ना भई स्वास्थ्य सेवा लिएका डा कँडेलले उल्लेख गरे। उनका अनुसार मङ्सिर १५ गतेसम्ममा २८ जना बिरामीले भर्ना भई सेवा लिइसकेका छन्।

पन्ध्र श्ययाको प्रादेशिक अस्पतालमा चिसोका कारण बिरामीको सङ्ख्या दिनहुँ वृद्धि भइरहँदा प्रभावकारी उपचारमा समस्या हुनुका साथै श्ययया अभाव भएको उनको भनाइ छ।

चालु आवको साउनदेखि मङ्सिर दोस्रो सातासम्मको तथ्याङ्क अनुसार बिरामी भई अस्पताल भर्ना हुने बालबालिका करिब ७० प्रतिशतले वृद्धि भएको अस्पतालले जनाएको छ।

बालबालिकामा रुघाखोकी लाग्ने, स्वाशप्रश्वासमा समस्या, स्वाँस्वाँ हुने, छाती घ्यारघ्यार हुने, ज्वरो आउनेलगायत समस्या देखिन थालेको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा कँडेलले जानकारी दिए। अधिकांश रुघाखोकी, ज्वरो, निमोनियालगायत समस्या लिएर आउनेमध्ये ८० प्रतिशत जति १० वर्ष मुनिका बालबालिका रहेका उनले उल्लेख गरे।

रुघाखोकी र निमोनियाका लक्षण देखिएमा तुरुन्तै अस्पताल वा नजिकैको स्वास्थ्य संस्थामा जचाउँनुपर्ने डा कँडलले सुझाव दिए।

चिसोबाट सुरक्षित रहन दाउरा वा कोइला बाल्दा, गिजर, हिटरलगायत उपकरण प्रयोग गर्दा हावा छिर्ने गरी 'भेन्टिलेसन' खुला गर्नुपर्ने डा कँडेलले जनाए। साथै तातोपानी पिउने, झोलिलो र पोषणयुक्त खानपान गर्नेलगायत आवश्यक सावधानी अपनाउनुपर्नेमा डा कँडेलले जोड दिए।

यसैबीच, अत्यधिक चिसो बढेसँगै माथिल्लो मुस्ताङका शैक्षिक संस्था जाडो छल्न बेँसी झरिसकेका छन्। यहाँका बालबालिकालाई चिसोबाट जोगाउन सुरक्षित स्थान खोज्दै बेँसी झारिएको जनाइएको छ। यहाँका बारागुङ, घरपझोङ र थासाङ गाउँपालिकाका शैक्षिक संस्था भने सञ्चालनमा छन्।रासस

# स्वास्थ्य प्रणाली सुधार नै सरकारको शीर्ष प्राथमिकताः स्वास्थ्यमन्त्री



**सुनसरी।**
स्वास्थ्य तथा जनसंख्यामन्त्री डा सुधा गौतमले देशभरका अस्पतालको प्रत्यक्ष अवलोकनमार्फत स्वास्थ्य सेवा, औषधि आपूर्ति, बीमा र सार्वजनिक खरिद प्रणालीमा देखिएका समस्या पहिचान गरी त्यसको सुधार गरिने बताएकी छन्।

धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको मंगलवार निरीक्षण गर्दै डा गौतमले स्वास्थ्य क्षेत्रमा विभिन्न सुधार आवश्यकताबारे आफूले निरन्तर सुझाव र रायसल्लाहरू प्राप्त गर्दै आएको उल्लेख गर्दै ती विषयलाई प्राथमिकताका आधारमा कार्यान्वयन गरिने बताइन्।

उनले भनिन्, 'मानसिक स्वास्थ्य, श्रमिक लक्षित कार्यक्रम, औषधि खरिद, मेडिकल ल्याब तथा सार्वजनिक खरिद प्रक्रियामा समग्र सुधार अपरिहार्य छ।' डा गौतमका अनुसार औषधि खरिददेखि वितरण, बीमा प्रणाली, प्रयोगशाला सेवा तथा सार्वजनिक खरिद सबै क्षेत्रमा प्रणालीगत परिवर्तन आवश्यक देखिएको छ । अस्पतालका स्वास्थ्य सेवामा चुनौती छन् । ती समस्याको मूल कारण बुझेर सुधारतर्फ लैजानु मेरो निरन्तर प्रयास छ।

अस्पतालमा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीका पीर मर्का, सेवा सञ्चालनका कठिनाइ तथा व्यवस्थापनसम्बन्धी गुनासा प्रत्यक्ष सुन्न र बुझ्नकै लागि धरानस्थित बिपी प्रतिष्ठानमा आएको मन्त्री डा गौतमको भनाइ छ। उनले भने, 'जेन्जी आन्दोलनपछि बनेको सरकारले भ्रष्टाचारमुक्त प्रणाली निर्माण, पारदर्शी शासन र स्वास्थ्यसहित सम्पूर्ण सेवा क्षेत्रलाई व्यवस्थित बनाउनु नै प्रमुख लक्ष्य लिएको छ।'
काठमाडौँ, लुम्बिनीलगायतका सङ्घीय अस्पतालहरूको अवस्थाबारे निरन्तर निरीक्षण गर्दै सेवा प्रवाहको गुणस्तर, पर्खाइ समय, क्लिनिक सञ्चालन र सर्वसाधारणले भोग्दै आएको सहजता असहजतासहितका समस्याहरूलाई नजिकबाट अध्ययन गरिरहेको उनले जानकारी दिइन् । 'अस्पतालबाट जनताले अनावश्यक दुःख नपाओस्, पर्खाइ समय कम होस्, सेवा सहज र व्यवस्थित होस् भन्ने उद्देश्यले निरीक्षणमा निस्किएको हुँ,' उनले भनिन्।

मन्त्री गौतमले छिट्टै बस्न लागेको बिपी प्रतिष्ठानको सिनेट बैठकका तयारीका विषयमा समेत प्रत्यक्ष जानकारी आवश्यक भएकाले आफू निरीक्षणमा आएको बताउँदै आफ्नै आँखाले वास्तविक अवस्था हेरेपछि निर्णय गर्नु सजिलो हुने उल्लेख गरिन्। रासस

# एमाले सत्ता र चुनावी ध्यानमा मात्रै छैनः ओली



**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले आफूहरूको राजनीति केवल सत्ता र चुनावमा केन्द्रित नभई समग्र मानव जातिको हितमा केन्द्रित रहेको बताएका छन् ।

एमालेको केन्द्रीय वन तथा वातावरण विभागले गरेको वन, वातावरण तथा जलवायु परिवर्तन–सम्बन्धी स्रोत पुस्तिका विमोचन कार्यक्रममा सम्बोधन गर्दै अध्यक्ष ओलीले वातावरण, वन, वन्यजन्तु र प्रकृतिमा निर्भर जीव–जन्तुको संरक्षणप्रति एमाले पार्टी निरन्तर दृढ रहेको बताए ।

'हाम्रो पहिलो निष्ठा देशवासी र मानव जातिप्रति हो, हामी केवल चुनाव वा सरकारमा मात्र सीमित छैनौँ, मानव जातिलाई आवश्यक सबै पक्षप्रति हाम्रो गम्भीर ध्यान छ,' उनले भने ।

नेपालको भूभागको ठूलो हिस्सा वन क्षेत्रले ढाकिएको जनाउँदै ओलीले वन्यजन्तुको दिगो व्यवस्थापनका लागि क्षमता अनुसार संरक्षण नीति अघि सारिनुपर्ने विचार व्यक्त गरे । 'हाम्रा वनले धान्ने संख्यामा मात्रै बाघ पाल्नुपर्छ, हौसिने काम गर्नुहुँदैन, हौसियो भने बाघले मान्छे गन्दैन,' उनले भने ।

वातावरणीय असन्तुलन तथा जलवायु अन्यायको प्रसङ्ग उठाउँदै अध्यक्ष ओलीले वातावरण जोगाउने मुलुकले भोगिरहेको आर्थिक बोझ र प्रदूषण फैलाउने मुलुकले पाएको फाइदा अन्यायपूर्ण रहेको टिप्पणी गरे । 'हामी वातावरण जोगाइरहेका छौँ, तर गरिबी बोकेका छौँ, हामीले तेल किनेर चलाउनुपर्छ, वातावरण बिगार्नेले अक्सिजन सित्तैमा पाउने यो मुलुकका लागि न्याय होइन,' उनले भने ।

अध्यक्ष ओलीले फरक प्रसङ्गमा नेपाली जनतालाई झुक्याउनेहरुको रजगज भएको बताए । वातावरण सच्याउनको लागि सबैभन्दा पहिला राजनीतिको मुहान सच्याउनु पर्ने उनको धारणा छ । अहिले राजनीति नै फोहोर भएकोले सबैभन्दा पहिला त्यसलाई सच्याउने पर्ने ओलीले बताए । आगजनी, वितण्डा, राष्ट्रिय क्षतिलाई आन्दोलन भन्दै केही मानिसहरूले देश र लोकतन्त्रलाई क्षति पुग्ने गरी राज गरिरहेको उनको भनाइ थियो ।

अवैध र अनधिकृत रुपमा सिफारिस गरिएको संसद् विघटनविरुद्ध बोल्न नसक्ने हो भने नेपाली डिक्सनेरीबाट सत्य भन्ने शब्द डिलिट गर्दिए हुने उनको तर्क छ ।

# प्रहरीकै मिलेमतोमा चकलेट भित्रियो !

**मधेशदृष्टि**
**बारा ।**
सिम्रौनगढ क्षेत्रबाट प्रहरीकै मिलेमतोमा तस्करी भएको भारतीय चकलेट कलैयाबाट प्रहरीले नियन्त्रणमा लिएको छ ।

इलाका प्रहरी कार्यालय सिम्रौनगढ र प्रहरी चौकी खजानीको मिलोमतोमा नेपाल भित्रिएको एक पिकअप भारतीय चकलेट प्रहरीले सोमबार बिहान कलैयाबाट नियन्त्रणमा लिएको हो ।

प्रहरी चौकी बसपार्कको टोलीले विशेष सूचनाको आधारमा कलैयाबाट ना२च १३०४ नम्बरको पिकअपसहित भारतीय चकलेट नियन्त्रणमा लिएर आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय बारामा बुझाएको छ । इलाका प्रहरी कार्यालय सिम्रौनगढका घुमुवा प्रहरी सहायक हवल्दार रुपेश कुशवाहा र प्रहरी चौकी खजानीका इन्चार्ज प्रहरी सहायक निरिक्षक विश्वराज कुशवाहाको मिलोमतोमा सो चकलेट सोमबार राति भारतबाट नेपाल भित्रिएको श्रोतले जनाएको छ । प्रहरी सहायक निरिक्षक कुशवाहाले भने आफूले कोही कसैसँग कुनै आर्थिक लेनदेन नगरेको दाबी गरेका छन् । कुशवाहाद्वयको मिलोमतोमा दीपक र भोला नाम गरेका तस्करले भारतीय चकलेट नेपाल भित्र्याएको प्रहरी श्रोतले दाबी गरेको छ । सिम्रौनगढ क्षेत्रबाट तस्करी भइरहेको स्थानीयले जनाएका छन् ।

# १० किलो चरेससहित मिया पक्राउ

**मधेशदृष्टि**
**वीरगंज।**
पर्सामा प्रहरीले पैदल हिँडिरहेको एक व्यक्ति बाट १० किलो चरेस बरामद गरेको छ।

विशेष सूचनाका आधारमा खटिएको जिल्ला प्रहरी कार्यालय पर्साको टोलीले बिहान गरेको जाँचका क्रममा चरेस फेला पारेको हो । प्रहरीका अनुसार वीरगंज महानगरपालिकाको प्रतिमा चौक नजिकै शंकास्पद रूपमा हिँडिरहेको एक व्यक्तिलाई रोकेर तलासी लिँदा उनको हातमा रहेको कालो प्लास्टिकको झोलाभित्र टेपले बेरिएको अवस्थामा चरेस फेला परेको थियो। झोलाभित्र रहेको चरेसको तौल १० केजी रहेको प्रहरीले जनाएको छ । पक्राउ पर्नेमा धोबिनी गाउँपालिका निवासी सम्सुल मियाँ छन्। चरेस सहित पक्राउ परेका मियाँलाई आवश्यक कानुनी कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय पर्सामा बुझाइएको प्रहरीले जनाएको छ। घटनाबारे थप अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ।

- **१०० किलो गाँजासहित दुई समातिए**

पर्साको पटेर्वासुगौली–२ स्थित रङ्गपुरटाँडी प्रहरी चौकीमा सोमबार पक्राउ परेका दुई गाँजा तस्करलाई स्थानीय समूहले छुटाउने प्रयास गरे पनि प्रहरीको सक्रियताले असफल भएको छ । प्रहरीका अनुसार मकवानपुरबाट बाराको जनता सडकमार्ग हुँदै सोनवर्षामा भण्डारणका लागि लैजाँदै गरेको १ सय किलोभन्दा बढी गाँजा बरामद गरिएको थियो । पक्राउ परेका अभियुक्तमा कुमार स्याङ्ताङ र भीम स्याङ्ताङ छन् । घटनापछि प्रहरी फोर्स थपिँदा तस्कर समूह भागेको थियो। भागेका केही तस्कर सोनवर्षाका रहेको प्रारम्भिक अनुमान गरिएको छ । पक्राउ परेकाहरूलाई थप हुलदङ्गा रोक्न जिल्ला प्रहरी कार्यालय पर्सामा सारिएको छ।

# चुनाव त जितियो, हायस चैं रहेन



**मधेशदृष्टि**
**सिरहा ।**
लहान नगरपालिका वडा नम्बर २ भगवानपुर घर भएका नेकपा एमाले महाधिवेशन प्रतिनिधि चुनिएका जितेन्द्रकुमार यादवको बा०१००६ ख ५८१८ नम्बरको इभी चार्जिङ हायसमा सोमबार राति अज्ञात व्यक्तिले आगो लगाएका छन् । लहान काठमाडौँ चल्ने हायस दुई वर्षअघि ६० लाख रुपैयाँमा खरिद गरेर चलाइएकामा सोमबार राति ११ बजे घर अगाडि राखिएको अवस्थामा आगो लगाइएको गाडी मालिक जितेन्द्र यादवले बताए ।

मङ्सिर १३ गते नेकपा एमालेको एघारौँ महाधिवेशनका लागि सिरहा–१ का लागि भएको प्रतिनिधि चयनको निर्वाचनमा एक हजार १ सय ८८ मत प्राप्त गरेर उनी विजय भएका थिए ।

# प्रधानमन्त्रीको निर्देशनः 'धर्मको हेक्का राखी काम गर्नू'

काठमाडौँ।
सरकारले लुम्बिनी विकास कोषको सदस्य–सचिव पदमा गोरखाका दीपक श्रेष्ठलाई मनोनीत गरेको छ । मन्त्रिपरिषद्ले ३६ वर्षीय श्रेष्ठलाई सदस्य सचिवमा मनोनित गरेपछि प्रधानमन्त्री एवं संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुशीला कार्कीले धार्मिक संस्थामा धर्मको हेक्का राखेर काम गर्न निर्देशन दिएकी छन्।

प्रधानमन्त्री कार्कीले भनिन्, 'तपाईंलाई सरकारले विश्वास गरेर जुन जिम्मेवारी दिएको छ, इमानदारीसाथ त्यो पूरा गर्नुहोला । त्यो (लुम्बिनी) धार्मिक संस्था हो, धर्मको हेक्का राखेर काम गर्नुहोला । तपाईंको अहिलेको कामले भविष्यमा तपाईंका सन्ततिले पनि शिर ठाडो पारेर हिँड्न सकून्। गौरव गर्न सकून्।'

सदस्य–सचिव श्रेष्ठले पनि उक्त संस्था र पदको गरिमामा आँच आउन नदिनेगरी इमानदारीसाथ काम गर्ने प्रतिबद्धता व्यक्त गरे।

गोरखाको शहीद लखन गाउँपालिका–६ का श्रेष्ठले इन्जिनियरिङ, व्यवस्थापन र प्रशासनमा १७ वर्षको अनुभव सँगालेका छन्।

मेकानिकल इन्जिनियरिङमा डिप्लोमा गरेका उनले सिभिल इन्जिनियरिङमा स्नातक र यातायात इन्जिनियरिङ तथा व्यवस्थापनमा एमएस्सी गरेका छन् । केही समय नागरिक उड्डयन प्राधिकरणमा काम गरेपछि श्रेष्ठ २०६७ बाट नेपाल खानेपानी संस्थानमा प्रवेश गरेका थिए। स्थानका बनेपा र धरानका शाखा प्रमुख सम्हालेपछि उनी २०७० मा अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा खटिएका थिए।

अख्तियारमा उनले आठ वर्ष भ्रष्टाचारसम्बन्धी अनुसन्धानको काम गरेका थिए । उनलाई खानेपानी संस्थान र अख्तियार गरी दुवै संस्थाले उत्कृष्ट कार्यसम्पादनका लागि पुरस्कृत पनि गरेको थियो । इमानदारीसाथ राम्रो अनुसन्धान गरेकै कारण अख्तियार दुरूपयोग अनुसन्धान आयोगले आफूलाई २०७६ मा उत्कृष्ट कर्मचारी घोषित गरी पुरस्कार दिएको र संस्थानले पनि विभिन्न समयमा पुरस्कृत गरेको श्रेष्ठले बताए।

अख्तियारमा रहेकै बखत बढुवा भएपछि श्रेष्ठ २०७८ मा खानेपानी संस्थानमै फर्किए । पछिल्लो समय उनले संस्थानको प्राविधिक अनुगमन तथा निरीक्षण शाखाको प्रमुख भएर काम गरिरहेका थिए। उनले भने, 'हामी केवल जागिर मात्र खाने होइन, जहाँ पुगे पनि जागिरे मानसिकताबाट माथि उठेर नतिजा देखिने गरी काम गर्नुपर्छ।'

# वाइडबडी प्रकरणमा अख्तियारद्वारा सर्वोच्चमा पुनरावेदन

**काठमाडौँ ।**
वाइडबडी विमान खरिद प्रकरणमा विशेष अदालतले धेरैलाई सफाइ दिएपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले फैसलाविरुद्ध सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गरेको छ । आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलका अनुसार विशेष अदालतको निर्णयमा त्रुटि रहेको भन्दै सबै आरोपीलाई सजाय हुनुपर्ने मागसहित आज पुनरावेदनपत्र दर्ता गरिएको हो ।

विशेष अदालतले तत्कालीन पर्यटनमन्त्री जीवनकुमार शाही, पूर्वसचिव शंकरप्रसाद अधिकारी, शिशिरकुमार ढुङ्गाना लगायत १४ जना कर्मचारी र पदाधिकारीलाई सफाइ दिएको थियो । तर ११ जना भने दोषी ठहर भएका थिए । अख्तियारले यो फैसला आंशिक र अपर्याप्त भएको दाबी गर्दै बदर गर्न माग गरेको छ ।

विसं २०८० चैत २२ गते अख्तियारले आरोपपत्र दायर गरेको थियो । त्यसपछि मङ्सिर २० गते विशेष अदालतले फैसला सुनाएको थियो । उक्त प्रकरणमा २४ जना नेपाली तथा ६ जना विदेशी नागरिक र विमान आपूर्तिकर्ता दुई विदेशी कम्पनीविरुद्ध मुद्दा चलाइएको थियो ।

वाइडबडी खरिदमा भएको अनियमिततासम्बन्धी मुद्दामा १ अर्ब ४७ करोड १० लाख ८५ हजार रुपैयाँ क्षतिपूर्तिको मागदाबीसहित मुद्दा दायर गरिएको थियो । अख्तियारले अब सर्वोच्च अदालतबाट न्यायिक पुनरावलोकन हुने आशा व्यक्त गरेको छ ।

# चलचित्रसम्बन्धी विधेयकप्रति सरोकारवालाहरू असन्तुष्ट

**काठमाडौँ।**
प्रस्तावित चलचित्रसम्बन्धी विधेयकमा चलचित्रकर्मी तथा सरोकारवालाहरूले व्यापक असन्तुष्टि व्यक्त गरेका छन् । मंगलबार राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिमा विधेयकमाथि भएको छलफलमा उनीहरूले उद्देश्य, परिवेश र दीर्घकालीन प्रभावबारे गहिरो समीक्षा बिना नै विधेयक अघि बढाइएको भन्दै आपत्ति जनाए।

बैठकमा चलचित्र विकास बोर्डका अध्यक्ष दिनेशराज दाहालले चलचित्र क्षेत्रका ९ वटा संघ–संस्थाले दिएको सुझावमध्ये ८० प्रतिशतभन्दा बढी बुँदाहरू विधेयकमा समेटिनुपर्ने बताउँदै समितिलाई आवश्यक परिमार्जनसहित मात्र अगाडि बढ्न आग्रह गरे। उनले कृत्रिम बुद्धिमत्ता (एआई) सम्बन्धी विषय यस विधेयकमा समावेश गर्नु उचित नहुने उल्लेख गर्दै नयाँ प्रविधिका लागि छुट्टै कानूनी संरचना आवश्यक हुने स्पष्ट पारे।

चलचित्र निर्देशक मनोज पण्डितले विधेयकको मस्यौदा तयार पार्ने व्यक्तिहरूको नियतमै प्रश्न उठाउँदै, सञ्चार मन्त्रालयका कर्मचारीहरूले चलचित्र क्षेत्रलाई नियन्त्रणमा लिन खोजेझैँ प्रावधान राखिएको आरोप लगाए । उनले सञ्चारमन्त्री जगदीश खरेलले बैठकहरूमा फरक–फरक धारणा सार्वजनिक गर्दै आएको भन्दै विधेयकलाई फिर्ता लिएर पुनर्लेखन गर्नुपर्ने वा समितिले नै व्यापक परिमार्जन गरेर अघि बढाउनुपर्ने सुझाव दिए।

चलचित्र पत्रकार संघका अध्यक्ष समीर बलामीले विधेयक पूर्णरूपमा परिमार्जन वा फिर्ता लिनुपर्ने विषयमा अझै विस्तृत छलफल आवश्यक रहेको बताए । उनले चलचित्र क्षेत्रमा पर्यटन प्रवर्द्धन र आर्थिक योगदान बढाउन सक्ने गरी समृद्ध र व्यावहारिक विधेयक ल्याउनुपर्नेमा जोड दिए।

सरकारको तर्फबाट उठेका प्रश्नहरूको जवाफ दिँदै मन्त्री खरेलले सरकारले विधेयकबारे कुनै अलमल नराखेको स्पष्ट पार्दै, सरोकारवालाको सुझाव समेटेर विधेयकलाई आवश्यक परिमार्जनसहित अघि बढाउने प्रतिबद्धता व्यक्त गरे । उनले विधेयक फिर्ता गर्ने सरकारको इच्छा नरहेको दोहोर्याउँदै, समायोजन र सुधारका बुँदाहरू सामावेश गर्न सकिने बताए।

बैठकमा उपस्थित अधिकांश चलचित्रकर्मीहरूले सांस्कृतिक तथा व्यवसायिक पहिचान, श्रम र कानुनी सुरक्षा, आर्थिक संरचना, प्रतिलिपि अधिकार आदिसम्बन्धी प्रावधान विधेयकमा स्पष्ट र प्रभावकारी रूपमा समेटिनुपर्ने माग राखे।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन